# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ४० | काठमाडौं | शनिबार, १९ जेठ २०८१ | Prabhab National Daily | Saturday, June 1, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


ट्राफिक नियम उल्लंघनकर्तालाई स्वयंसेवक बनाउँदा

## चौतर्फी आलोचना सर्वोच्चमा मुद्दा

फौजी कारवाही स्वरुप सडकमा ट्राफिकको काम गर्न लगाएर शक्तिको भद्दा मजाक गर्ने काम हो । यो तुरुन्त बन्द हुनुपर्छ

■ **केदार खड्का**
**नागरिक अभियन्ता**

ट्राफिक कारबाहीमा परेकालाई प्रहरीले स्वयंसेवक बनाएर सडकमा खटायो । फिल्डको ज्ञान कक्षाकोठाको भन्दा प्रभावकारी हुन्छ । तर कानुन नभए त मिल्दैन । कानुनभन्दा माथि कोही हुन्न

■ **आशिष गजुरेल**
**ट्राफिक इन्जिनियर**

कानुनी राज्य भनेको कसैको सनकका भरमा जतिखेर जे पायो त्यही निर्णय गर्ने होइन । अहिले सडकमा मान्छेहरूलाई कुनै मन्त्री, उपप्रधानमन्त्रीको निर्देशनमा बिहानदेखि बेलुकासम्म कानुनविना ठिङ्ग्याएर राख्ने पद्धति सरासर गलत छ

■ **रामहरि खतिवडा**
**नेता, नेपाली कांग्रेस**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गणतन्त्र दिवसका दिन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको एउटा निर्णय अहिले चौतर्फी आलोचनामा परेको छ । 'मापसेलगायत ट्राफिक नियमको उल्लंघन गर्नेहरूले स्वयम् सेवकका रूपमा उहाँहरूको साटो सडकमा सघाउनुहुनेछ,' लामिछानेले निर्णय गरेको भोलिपल्टैबाट यो नियम लागू भयो सडकमा ।

सडक लेन अनुशासन, तीव्र गति, सडक बत्तीको नियम उल्लंघन र मादक पदार्थ सेवन गरी सवारी चलाउनेलाई कारबाहीस्वरूप स्वंयसेवकका रूपमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सडकमा खटायो । लगत्तै यो नियमविरुद्ध चौतर्फी आलोचना शुरु भएको छ ।

बिहीबारमात्र नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले कानुनविपरीत नागरिकलाई सडकमा उभ्याएको भन्दै उक्त निर्णयको विरोध गरे । निर्णयको आलोचना गर्दै सांसद खतिवडाले कानुनी राज्यमा फेसबुकबाट निर्देशन दिएर कानुनविपरीत नागरिकलाई सडकमा उभ्याउन नमिल्ने बताए ।

'कानुनी राज्य भनेको कसैको सनकका भरमा जतिखेर जे पायो त्यही निर्णय गर्ने होइन । अहिले सडकमा मान्छेहरूलाई कुनै मन्त्री, उपप्रधानमन्त्रीको निर्देशनमा बिहानदेखि बेलुकासम्म कानुनविना ठिङ्ग्याएर राख्ने पद्धति सरासर गलत छ । मापसे गर्‍यो भनेर त्यसलाई सडकमा ठिङ्ग्याएर राख्नु मान्छेको वैयक्तिक अधिकार हनन हो,' खतिवडाले भने । खतिवडा संसदको राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिसमेत हुन् । उनले चाँडै समितिमा जवाफका लागि गृहमन्त्रीलाई बोलाउनेसमेत बताए ।

(क्रमशः पृष्ठ २ मा)

दरबार हत्याकाण्डको २३ वर्ष

## के प्रधानमन्त्री दाहालले गर्लान् छानबिन ?

■ **जेबी योञ्जन**

**काठमाडौं–** गणतन्त्र स्थापनाको राजनीतिक आधार खडा भएको मानिने राजा वीरेन्द्रको वंशनाश हुनेगरि दरबार हत्याकाण्ड भएको आज २३ वर्ष पूरा भएको छ । १९ जेठ २०५८ को राति दरबार हत्याकाण्ड भएको थियो ।

हत्याकाण्डमा राजा वीरेन्द्रसहित रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार नीराजनसँगै राजपरिवारका अन्य सदस्यहरू श्रुति, शान्ति सिंह, शारदा शाह, जयन्ती शाह, धीरेन्द्र शाह, कुमार खड्कविक्रम शाहको हत्या भयो ।

तर, यतिका वर्षसम्म हत्याकाण्डमा संलग्न को हुन् ? नेपाली जनता विश्वस्त हुनेगरि घटनामा सलग्नताबारेको तथ्य सार्वजनिक भएकै छैन ।

घटनाको तीन दिनपछि २२ जेठ २०५८ मा तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय, तत्कालीन सभामुख तारानाथ रानाभाटसम्मिलित तीन सदस्यीय उच्चस्तरीय छानबिन समितिले भने हत्याकाण्डमा युवराज दीपेन्द्रको संलग्नता रहेको विवरण सार्वजनिक गर्‍यो । जनताले भने पत्याएनन् । षड्यन्त्रपूर्वक दरबार हत्याकाण्ड भएको भन्दै आजपर्यन्त जनताले हत्याकाण्डलाई शंकाको दृष्टिले हेर्दै आएका छन् ।

जनताका अविश्वासलाई बल पुग्ने गरी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि यसलाई भयानक षड्यन्त्र मान्छन् । 'यहाँ (काठमाडौंमा) दरबार हत्याकाण्ड भइनसक्दै दीपेन्द्रले प्रेमकहानीका कारण परिवारकै हत्या गर्‍यो भनेर विश्वभर भ्रम बाँडिएको थियो । त्यो एउटा भयानक षड्यन्त्र थियो । त्यो षड्यन्त्रले तत्कालीन राजा, रानी, युवराज, अधिराजकुमार र अधिराजकुमारीसहित वीरेन्द्रको परिवार नै सकियो, वंश नै नासियो । वीरेन्द्र र रानीसहित सबै छोराछोरी मारिइसकेपछि त्यही बेला नै राजतन्त्र समाप्त भयो,' ओलीले गत माघमा एक पुस्तक विमोचनमा भनेका थिए ।



- १९ जेठ २०५८ मा दरबार हत्याकाण्डमा राजा वीरेन्द्र, रानी ऐश्वर्यसहित १० जनाको हत्या
- घटना भएकै ठाउँमा रहेका पारस शाहलगायत कसरी बाँचे ?
- मन पराएको युवतीसँग विवाह गर्न नपाएपछि मादक पदार्थ खाएको सुरमा दुईवटा राइफलले सुरूमा वीरेन्द्र र बाँकीलाई गोली प्रहार गरेको छानबिन समितिको तथ्य
- नेपाली जनताले छानबिन समितिमाथि प्रश्न उठाएका छन्

सोही समयमा प्रधानमन्त्री पुष्पकमल दाहालले भने बाराको सिमरा पुगेर दरबार हत्याकाण्डको छानबिन हुने बताएका थिए । '२०५८ सालमा भएको दरबार हत्याकाण्डको छानबिन हुन्छ,' प्रधानमन्त्री दाहालले भनेका थिए ।

तत्कालीन सभामुख रानाभाटले प्रभावसँग संक्षिप्त कुराकानी गर्दै घटनाको छानबिन प्रतिवेदन प्राप्त प्रमाण, साक्षीको बयानसँगै घटनास्थल विश्लेषणको आधारमा हत्याकाण्डमा संलग्नता किटान गरिएको बताए । जसप्रति नेपाली जनता अझैसम्म अविश्वस्त रहेको भन्दै उनले छानबिन प्रतिवेदन जनताको तहबाट अस्वीकृत भएकोमा दुःख व्यक्त गरे ।

'हत्याकाण्डका केही कुरा मेरो विस्मृतिमा गइसक्यो तर हामीले सबुत, प्रमाण, बयानसँगै घटनास्थल अनुसन्धानको आधारमा छानबिन गरेर प्रतिवेदन बुझाएका हौं', उनले भने, 'तर, जनताले चित्त बुझाएनन् ।'

(क्रमशः पृष्ठ २ मा)

श्रमाधान रोजगार मेला

## कोशीमा सम्पन्न, मधेशमा आजबाट







■ **प्रभाव संवाददाता**

**विराटनगर–** विराटनगरमा दुई दिवसीय श्रमाधान रोजगार मेला सम्पन्न भएको छ । बिहीबारबाट विराटनगरमा सुरु भएको मेला सफलतापूर्वक सम्पन्न भएको नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको मेलामा ५० भन्दा बढी रोजगारीसम्बन्धी स्टल राखिएको थियो । मेलामा श्रम मन्त्रालय र मातहतका सबै निकाय एवं विभिन्न तालिम प्रदायक संस्थाहरूको उपस्थिति रहने मेलामा सामी कार्यक्रम, रेमी परियोजना, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ, होटल संघ नेपाललगायतले स्टल राखेका छन् ।

दुई दिनसम्म चलेको मेलामा रोजगारीको खोजी गर्दै करिब २ हजार युवायुवतीले आवेदन दिएको आयोजकले जनायो । मेलामा रोजगारदाताले स्वास्थ्य क्षेत्रमा ४२ जना र उत्पादनमूलक उद्योगमा २ हजार ४ सय ९५ गरी २ हजार ५ सय ३७ जना दक्ष कामदार माग गरेको राउतले बताए । उनका अनुसार मेला आयोजनास्थलमा ४० भन्दा धेरैको रोजगारी सुनिश्चित भएको र २ सय ५० भन्दा धेरै आवेदकलाई रोजगारदाताले अन्तर्वार्ताका लागि बोलाएका छन् । मेलामा उद्योग प्रतिष्ठानका ३४, रोजगारसम्बन्धी तालिम प्रदायक संस्थाका सात, बैंक तथा वित्तीय संस्था र बीमासम्बन्धी चार तथा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास मन्त्रालय र विराटनगर महानगरपालिकासहितका स्थानीय तहका रोजगार सूचना केन्द्रसमेत गरी सात वटा स्टल राखिएका थिए ।

### मधेशको तयारी पुरा

धनुषा- जनकपुरधाममा 'श्रमाधान रोजगार मेला'को तयारी पूरा भएको आयोजकले जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव एवं मेलाका मधेस प्रदेश संयोजक दीपेन्द्र पौडेलले आज र भोलि हुने मेलाको तयारी पूरा भएको जानकारी दिए । मेलामा रोजगारीसहितका स्टल रहने छन् । कामको खोजीमा रहेका युवाहरूको अन्तर्वार्ता रोजगारदाताले मेलामै लिने र आवश्यक परेको जनशक्तिलाई रोजगारीको अवसर दिनेगरी मेलाको तयारी गरिएको संयोजक पौडेलले बताए ।

मेलामा श्रम तथा रोजगारसँग सम्बन्धित सरकारी निकायको स्टल, रोजगारदाता, म्यानपावर व्यवसायी तथा विभिन्न सामाजिक संस्थालगायत ३५ भन्दा बढी स्टल रहनेछन् । श्रम मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, कल सेन्टर, सुरक्षित आप्रवासन सामी, रेमी श्रमाधानलगायत सरकारी स्टल रहनेछन् । कामको खोजीमा रहेका युवालाई लक्षित गर्दै सीपसँग सम्बन्धित तथा रोजगारीमा जोड्ने रोजगार परामर्श स्टल तथा विभिन्न नेटवर्किङ सत्र, स्थानीय सांस्कृतिक प्रस्तुतिलगायत कार्यक्रम पनि राखिएका आयोजकले जनाएको छ ।

मेला श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले आज उद्घाटन गर्ने कार्यतालिका रहेको छ । सरकारले सातै प्रदेशमा आयोजना गरेको मेलाअन्तर्गत मधेस प्रदेशको मेला जनकपुरधाम उद्योग वाणिज्य संघको सभाहलमा हुने भएको हो ।

मेलाले रोजगारीका चुनौतीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सरकारी निकाय, निजी क्षेत्रका रोजगारदाता र नागरिक समाजका संस्थाहरूबीच साझेदारीलाई बढावा दिने विश्वास लिइएको छ । साथै रोजगारी सिर्जना, उद्योगहरूको प्रवर्द्धन गर्ने र रोजगार बजार विस्तार गरेर नेपालको समग्र आर्थिक विकासमा योगदान पुर्‍याउने मेलाको उद्देश्य रहेको छ । मेलाको आयोजकमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेश, जनकपुरधाम उपमहानगरपालिका छन् भने सहआयोजकमा नेपाल उद्योग परिसंघ छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### के प्रधानमन्त्री दाहालले ...

छानबिन समितिको प्रतिवेदनअनुसार हत्याकाण्ड नारायणहिटी राजदरबारको त्रिभुवन सदनमा भएको थियो । जहाँ हरेक महिनाको तेस्रो शुक्रबार साँझ नियमित रूपमा दरबारमा पारिवारिक जमघट हुने गरेको थियो ।

सोहीअनुसार उक्त दिन बेलुकी ७:३० बजेका लागि राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराजधिराज दीपेन्द्र, अधिराजकुमार नीराजन, अधिराजकुमारी श्रुति, राजपरिवारका अन्य सदस्य एवं शाही नातेदारहरू गरी २४ जना आमन्त्रित थिए । तर, अधिराजकुमारी प्रेक्षा, कुमार मोहनबहादुर शाही र राजकुमारी विमला सिंह उपस्थित भएनन् ।

र, ८:३० बजेतिर राजा वीरेन्द्र भने त्रिभुवन सदनतर्फ लागेको र आधा घण्टा नबित्दै त्यहाँ हिंसात्मक घटना भएको प्रतिवेदनमा उल्लेख छ । जहाँ युवराज दीपेन्द्रले मादक पदार्थ सेवन गरी राइफल चलाएर उक्त हत्याकाण्ड गराएको भनिएको छ । सुरुमा दीपेन्द्रले एकाएक बुवा (राजा वीरेन्द्र)लाई ताकेर गोली प्रहार गरेको र गोली लागेर वीरेन्द्र ढल्न नपाउँदै हलभित्र अन्धाधुन्दा गोली वर्षाएको विवरण पनि छ ।

तर, आश्चर्यलाग्दो चाहिँ के हो भने त्रिभुवन सदनको कार्यक्रममा सहभागी भइकन पनि रत्न, कोमल, शोभा, हेलेन, पारस, पूजा, प्रेरणा, सितास्मा, कुमार गोरखशमशेर राणा, केत्तकी चेस्टर, रविशमशेर राणा, हिमानी सिंह, महेशकुमार सिंह र डा.राजीवराज शाही भने बाँच्न सफल भए । यसले गर्दा पनि आजपर्यन्त दरबार हत्यकाण्डलाई शंकाको दृष्टिले हेर्ने गरिन्छ । तर, छानबिन समितिले भने आफूले विवाह गर्न चाहेको युवतीसँग विवाह गर्न नपाएको झोंकमा मादक पदार्थले मातिएका युवराजधिराज दीपेन्द्रले हत्याकाण्ड मच्चाएको र आफूले पनि आत्महत्या गरेको प्रतिवेदन बुझायो ।

दरबारका तत्कालीन सैनिक सचिव विवेककुमार शाहले 'मैले देखेको दरबार' पुस्तकमा जेठ १९ को दरबार हत्याकाण्डमा तत्कालीन युवराज दीपेन्द्रकै कैफियत रहेको लेखेका छन् । अर्का प्रमुख पूर्वशाही पार्श्ववर्ती सुन्दरप्रताप रानाले पनि 'दरबारको दुःखान्त, राजपरिवार र संहारः मैले जसरी देखेँ' पुस्तकमा दीपेन्द्रले नै उक्त हत्याकाण्ड मच्चाएको उल्लेख गरेका छन् । तर, उक्त हत्याकाण्डपछि उपचारमा संलग्न चिकित्सक वरिष्ठ न्युरो सर्जन उपेन्द्र देवकोटा (स्वर्गवासी)ले भने हत्याकाण्ड दीपेन्द्रले गरेको भनिए पनि त्यसबेला उनी नसामा नभएको एक अन्तर्वार्तामा उल्लेख गरेका थिए ।

तर, नेपाली जनताले दीपेन्द्रले दरबारमा हत्याकाण्ड मच्चायो भनेर अझैसम्म पत्याएका छैनन् । बरु, उनीहरू राजदरबार हत्याकाण्डमा कतै पूर्वराजा ज्ञानेन्द्र शाह र उनको परिवारका सदस्यहरूको संलग्नता त छैन ? शंका गरिरहेका छन् । जे होस्, आजभन्दा ठीक २३ वर्षअघि दरबारले दुखान्त बेहोर्नुपर्‍यो । यद्यपि, धेरै प्रश्नहरू अझैसम्म अनुत्तरित छन् । जस्तो, युवराज दीपेन्द्रले आफ्नै परिवारका सदस्यहरूलाई मात्रै छानी छानी किन मारे ? शाहज्यादा पारस शाहसहित व्यक्तिहरू कसरी बाँचे ? मातेका दीपेन्द्रले कसरी दुईवटा राइफल भिरेर हत्याकाण्ड मच्चाए ? घाइतेहरूलाई उपचार गराउन किन नजिकै रहेको वीर अस्पताल नगली सैनिक अस्पताल छाउनी लगियो ? आजसम्म नेपाली जनताले सोधिरहने प्रश्न यी हुन् ।

दरबार हत्याकाण्डपछि नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको बीउ रोपिएको एकथरीको विश्लेषण थियो । नभन्दै राजा वीरेन्द्रको वंशनाशपछि माइला भाइ ज्ञानेन्द्र दोस्रोपटक राजा बने । १९ माघ २०६१ मा बाबु महेन्द्रले जसरी प्रजातन्त्र मासेर तत्कालीन संविधानका धेरै धारा निलम्बन गर्दै राज्यशक्ति हातमा लिएर निरंकुश बने । तर, लाखौं जनताको प्रदर्शनअगाडि उनको शक्ति टिकेन । अन्ततः १५ जेठ २०६५ बाट औपचारिक रूपमै राजतन्त्र ढल्यो । गणतन्त्रको स्थापित भयो ।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल पनि वीरेन्द्रको वंशनाश नै गणतन्त्र स्थापनाको सैद्धान्तिक आधार भएको बताउँछन् । उनका अनुसार राजतन्त्रात्मक प्रणालीको नेतृत्व ज्ञानेन्द्रले सम्हाले पनि उनको ढंग नपुगेको हो । यसबीच राप्रपासहितका दलहरू ज्ञानेन्द्रकै फेरि राजा हुने चाहनाले संवैधानिक राजसंस्थाको पक्षमा छन् । तर, २३ वर्षअघि हत्या गरिएका राजा वीरेन्द्र र उनको पारिवारिक सदस्यको हत्याकाण्डको छानबिन जनतालाई विश्वसनीय नलागेको बेला ज्ञानेन्द्र चाहिँ राजा हुन खोजिरहेका छन् ।

■■■

### चौतर्फी आलोचना ...

प्रहरी वरिष्ठ उपरीक्षक एसएसपी जीवनकुमार श्रेष्ठका अनुसार माथिका चार शीर्षकमा कारबाहीमा परेकालाई एक घण्टा सडकमा स्वयंसेवकका रूपमा खटाउन थालिएको छ । दैनिक सात सय जना उल्लंघनकर्ता यसरी सडकमा खटिने र उनीहरूले पैदलयात्रीलाई सडक पार गर्न सिकाउने श्रेष्ठले बताए । तर गृहको यो निर्णयको नागरिकस्तरबाटै आलोचना शुरु भएको छ । कानुनमै नभएको विषयलाई लिएर गृहले यस्तो गर्न नहुने उनीहरूको तर्क छ । नागरिक अभियन्ता केदार खड्का गृहको यो निर्णय शक्तिको भद्दा मजाक मान्छन् । 'फौजी कारवाही स्वरूप सडकमा ट्राफिकको काम गर्न लगाएर शक्तिको भद्दा मजाक गर्ने काम हो,' खड्का भन्छन्, 'यो तुरुन्त बन्द हुनुपर्छ ।'

ट्राफिक इन्जिनियर आशिष गजुरेल पनि कानुनमा नभएको विषयमा गृहको निर्णयले यस्तो गर्न नमिल्ने बताउँछन् । 'ट्राफिक कारबाहीमा परेकालाई प्रहरीले स्वयंसेवक बनाएर सडकमा खटायो ।

फिल्डको ज्ञान कक्षाकोठाको भन्दा प्रभावकारी हुन्छ,' गजुरेल भन्छन्, 'तर कानुन नभए त मिल्दैन । कानुनभन्दा माथि कोही हुन्न ।' यसअघि पनि ट्राफिक प्रहरीले नियम उल्लंघनकर्तालाई एक घण्टा सडकमा उभ्याउने दण्ड दिँदा आलोचना भएको थियो ।

#### आन्तरिम आदेश माग्दै सर्वोच्चमा रिट

नियम उल्लंघनकर्तालाई सडकमा उभ्याउने गृहमन्त्री लामिछानेको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । शुक्रबार रविन्द्र पौडेल, आकाशकुमार भट्ट, प्रमेश पौडेल, उज्जल माली, ईमामुल हक र राजु परियारले ट्राफिक उक्त निर्णयविरुद्ध रिट दायर गरेका हुन् ।

रिटमा सामान्य गल्तीमा समेत सडकमा उभ्याई बलपूर्वक सवारी नियमनको काममा लगाउँदा समग्र चालकहरूको हक हितमा गम्भीर असर परेको दाबी गरिएको छ । 'प्रहरी प्रशासनबाट भएको कार्यले कानुनी राज्यको उपहास भएको महसुस गरी विपक्षीहरूबाट भए गरेको कार्य प्राकृतिक न्यायका सिद्धान्त विपरीत र संविधानले अवलम्बन गरेका सिद्धान्त एवं मौलिक हकहरूको हनन भएको छ,' रिटमा भनिएको छ ।

यस्तो कुरा मानव मर्यादा विपरीत भएको रिटमा उल्लेख छ । यस्तो कार्य रोक्न उनीहरूले अदालत समक्ष माग गरेका छन् । 'कानूनी राज्यमा कानून अनुकूलमात्र सजाय वा दण्ड जरिवाना गर्ने गर्नु पर्दछ । कानून प्रतिकुल कुनै दण्ड सजाय सम्मानित अदालतबाट समेत गर्न नमिल्ने अवस्थामा,' रिटमा उल्लेख छ, 'ट्राफिक नियम उल्लंघन गर्ने व्यक्तिलाई बलजफ्ती काममा लगाउने कार्य हामी निवेदकहरूले देखे भोगेको हुँदा कानून प्रतिकुलको वा कानूनको उल्लंघन गरी प्रहरी प्रशासनबाट भए गरेको कार्यहरू तत्काल रोकी पाउन प्रस्तुत निवेदन पत्र लिई उपस्थित भएका छौं,' रिटमा भनिएको छ ।

आफ्नो देशको परिधिभित्र स्वतन्त्रतापूर्वक शिर ठाडो, छाती चौडा गरी स्वन्त्रता पूर्वक हिँड्न र सम्मान पूर्वक बाँच्नु पाउनुपर्ने उनीहरूको रिटमा भनिएको छ । 'सो कार्य तत्काल बन्द नगिरिए कानूनको उल्लघंन भई नागरिकहरूका मानव अधिकारको हुने, संविधान विपरीतका कार्यहरूले प्रोत्साहन पाइरहने र जनताको स्वतन्त्रताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायको हक, शोषण विरूद्धको हक, यातना विरूद्धको हकको समेत हनन भएको हुँदा,' रिटमा भनिएको छ, 'सो नगर्नु नगराउनु भनि विपक्षीहरूका नाममा उत्प्रेषण सहितको अन्तरिम आदेश जारी गरी पाउँ ।'

■■■

### कोशीमा सम्पन्न ...

श्रम मन्त्रालयका उपसचिव एवं मेलाका मधेस प्रदेश संयोजक पौडेलले मेलाले श्रमिक र रोजगारदातालाई जोड्नेमा विश्वास व्यक्त गरे । 'मेलाले नेपालको रोजगारी परिदृश्यमा सकारात्मक परिवर्तन ल्याउनेछ । यसले राष्ट्रलाई थप समृद्धि र सफलतार्फ लैजानसक्ने लचिलो र समावेशी जनशक्ति निर्माण गर्न सहज गर्छ', उनले भने, 'मधेस प्रदेशमा हुने मेलामा बेरोजगार युवाको ज्ञान, सीप, क्षमताका आधारमा माग संकलन गरिनेछ ।'

श्रम तथा यातायात कार्यालय जनकपुरधामका प्रमुख धर्मराज रोकायाले मधेस प्रदेशमा हुन गइरहेको श्रमाधान रोजगार मेलाले रोजगारदाता र श्रमिकमा उत्साह थपिएको बताए । मेलामा सहभागिताका लागि ३५ वटा प्रदर्शनी कक्षमध्ये ३० वटा बुकिङ भइसकेको उनले बताए ।

हरेक प्रदेशमा दुई/दुई दिन हुने मेला कोशी प्रदेशको विराटनगरमा सुरू भएर जेठ ३० गते बागमतीको ललितपुरमा सकिने छ । मधेश प्रदेशको जनकपुरमा जेठ १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा २१ र २२ गते, लुम्बिनी प्रदेशको बुटवलमा २३ र २४ गते, कर्णाली प्रदेशको सुर्खेतमा २५ र २६ गते, सुदूरपश्चिम प्रदेशको धनगढीमा २७ र २८ गते तथा बागमतीको ललितपुरमा २९ र ३० गते सञ्चालन गरिने छ ।

## यो बजेटले ब्याजदर बढाउँछ : महत

**काठमाडौं–** पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले ऋणको ब्याजदर बढाउने गरी बजेट ल्याएको आरोप लगाएका छन् ।

स्कुल अफ डेमोक्रेसीले शुक्रबार काठमाडौंमा गरेको कार्यक्रममा महतले आन्तरिक ऋणको आकार बढाइएकाले अब ब्याजदर बढ्ने बताए ।

'बैंकिङ क्षेत्रका साथीहरू खुसी हुनु भएको होला सरकारले ऋण लिने भयो भनेर । तर यसले निजी क्षेत्रलाई दबाब पर्छ । ऋण त सरकारले लान्छ । अनि निजीले ऋण पाउँदैन,' महतले भने । ऋण नपाएपछि रोजगारी सिर्जनामा पनि समस्या आउने उनले बताए । 'ब्याजदर बढ्छ र यसले निजी क्षेत्रलाई ऋण पाउनै मुस्किल हुन्छ,' महतले भने ।



आगामी आर्थिक वर्ष ३ खर्ब ३० अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउने सरकारको लक्ष्य छ । महतले यसअघि आफू अर्थमन्त्री हुँदा २ खर्ब ४० अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउने गरी बजेट ल्याएका थिए ।

## पेट्रोलियम पदार्थको मुल्य घट्यो

**काठमाडौं–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले पेट्रोलमा प्रतिलिटर तीन रूपैयाँ तथा डिजेल र मट्टीतेलमा प्रतिलिटर एक रूपैयाँ घटाएको छ ।

निगमले प्रेस विज्ञप्ति जारी गरी आज बिहान १ बजेदेखि लागू हुने गरी उक्त मूल्य घटाएको जनाएको छ । घटेपछिको मूल्यमा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा अब पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६८ रूपैयाँ र डिजेल तथा मट्टीतेल प्रतिलिटर एक सय ५३ रूपैयाँ रहेको छ । दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६७ र डिजेल तथा मट्टीतेलको मूल्य प्रतिलिटर एक सय ५२ रहेको छ ।

त्यस्तै, पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६५ रूपैयाँ ५० पैसा र डिजेल तथा मट्टीतेल प्रतिलिटर एक सय ५० रूपैयाँ ५० पैसा पर्नेछ । निगमले हवाई इन्धन र एलपी ग्यासको बिक्री मूल्य भने हाललाई यथावत राखेको छ ।

## कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप ल्याइँदै

**काठमाडौं (प्रस)–** सरकारले कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएसँगै कोरोनाविरुद्धको थप खोप ल्याउने भएको । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कोरोना भाइरसविरुद्धको खोप ल्याउने छ महिनाअघिको तयारी रहेको र अहिले नयाँ भेरियन्ट 'केपी १' 'केपी २' 'केपी ३' र 'केपी ४' देखिएसँगै थप ल्याउन लागिएको हो ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप ल्याउन लागिएको जानकारी दिए । 'कोरोनाविरुद्ध खोप नियमित दिइरहेका छौं । अहिले रहेको खोपको मौज्दात पनि सकिन थालेको छ,' उनले भने, 'महामारी भइसकेपछि पनि सधैं तयारी अवस्थामा बस्नुपर्ने हुन्छ । अहिले नयाँ भेरियन्ट पनि देखिएको छ । त्यसैले खोप ल्याउन थालेका हौं ।'

अहिले स्वास्थ्य विभागसँगै एक लाख मात्रा मात्र खोप मौज्दात रहेको छ । उनले छ-छ महिनामा कोरोना भाइरसको नयाँ भेरियन्ट पनि देखिएको र खोप ल्याउने पहिलेको तयारी रहेको बताए । उनका अनुसार ग्लोबल एलाएन्स फर भ्याक्सिन एण्ड इमुनाइजेसन (गाभी)ले फाइजरको 'मनोभ्यालेन्ट' खोप अनुदानमा उपलब्ध गराउने छ । अहिले पनि विदेश जाने, ज्येष्ठ नागरिक र दीर्घरोगीले नियमित कोरोना भाइरसविरुद्धको खोप लगाउने गर्दछ । सरकारी अस्पतालमा अहिले पनि कोरोना भाइरसविरुद्धको खोप लगाउने गरिन्छ ।


### भूलसुधार

मिति २०८१।०२।१८ गते प्रभाव दैनिकको अन्तिम पृष्ठमा प्रकाशित **श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय, जीतपुरसिमरा उपमहानगरपालिका १ पथलैयाको बोलपत्र आह्वान सम्बन्धी** सूचनामा **Estimated Amount (With Vat)** हुनपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३९ जेठ १८ गते २०८१ मा प्रकाशित **Career Development Human Resource Pvt. Ltd. (Maharaja Human Resource Pvt.ltd)** को **Ramlat albtin general cleaning and maintenance** को Lot No. 299623 को विज्ञापनमा प्रथमपटक प्रकाशित मितिः २०८१/०२/१८ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. २५७९८२/०७७/०७८** को **यस.टि. चियर एण्ड फर्निचर प्रा.लि.** को मिति २०८०/०२/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।
**लिक्विडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
**फोन नं.** ०१-४३६०२७५, ९८५१०६८४११, **ईमेल :** clnpservice@gmail.com

### सन इन्टरनेशनल ट्रेडर्स प्रा.लि को दर्ता खारेज गरिने भएकोले हकदावी गर्ने सम्बन्धी लिक्वीडेटरको ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि नं १६०२११ (दर्ता मिति २०७३।०९।०१) को सन इन्टरनेशनल ट्रेडर्स प्रा.लि को मिति २०८१।०२।१२ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।
**लिक्वीडेटर : कुमार राज जोशी, ईजाजत प्रमाण पत्र नं २१४**
**बुद्धनगर, काठमाडौं, फोन नं ०१४७९३५५५, Email: joshikumar@gmail.com**

### शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/१९**

श्री झिझरी महिला सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०८०/८१ को विभिन्न खण्डमा मा गरिएको ढलापडा संकलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको ढकेरी स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य (असना, सिसौ, जामुन, धौटी, खयर लगायतको) जम्मा गोलिया थान ८५८ को परिमाण १७५.४.७२ र साल बाहेक अन्य प्रजाति (सिसौ समेत मिश्रित) को दाउरा जम्मा ३.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका सःमिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री झिझरी महिला सामुदायिक वन उपभोक्ता समह**
**राप्तीसोनारी-९, ढकेरी बाँके**

### प्रोभिडेन्ट मर्चेन्ट बैकिङ्ग लिमिटेड

**नयाँ वानेश्वर, काठमाडौं फोन नं ०१-५१४७०९७**


### साधारणसभाको समयतालिका परिवर्तन सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/०२/१९**

**यस प्रोभिडेन्ट मर्चेन्ट बैकिङ लिमिटेडको दशौं वार्षिक साधारणसभा २०८१/०२/२५ गते बस्ने भनि सूचना प्रकाशित भएकोमा विशेष कारणवश २०८१-०३-२१ शुक्रबार बस्नेगरी समय परिवर्तन भएको सम्पूर्ण सेयरधनी महानुभावहरुमा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साधारणसभा सम्बन्धी विस्तृत जानकारी मिति २०८१-०१-२५ गतेको प्रभाव दैनिकमा प्रकाशित भएको व्यहोरा अनुरोध गर्दछु ।**

**कम्पनी सचिव**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ १९ गते २०८१, शनिबार

| | |
|---|---|
| **मेष** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| **वृष** | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **मिथुन** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **कर्कट** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **सिंह** | काम प्रारम्भ गर्न सकिनेछ । |
| **कन्या** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| **तुला** | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **वृश्चिक** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **धनु** | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |
| **मकर** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **कुम्भ** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **मीन** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १४ गते, २०८१, ०१ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४४.६४ | १४५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९७ | १६९.७४ |
| स्विस फ्रैन्क | १ को | १४६.३४ | १४७.०० |
| अस्ट्रेलियन डलर | १ को | ८९.०४ | ८९.४५ |
| क्यानाडियन डलर | १ को | ९७.७४ | ९८.१९ |
| सिँगापुर डलर | १ को | ९८.८७ | ९९.३१ |
| जापानी येन | १० को | ८.५५ | ८.५९ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.४७ | ३५.६३ |
| कतारी रियाल | १ को | ३६.४९ | ३६.६६ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३८ |
| मलेसियन रिङेट | १ को | २८.३८ | २८.५१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८३ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४७ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १७.०५ | १७.१३ |
| कुवेती दिनार | १ को | ४३३.१७ | ४३५.१३ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# खोकनामा परम्परागत तेल मिल सञ्चालनमा आउँदै

**ललितपुर–** ललितपुर महानगरपालिका–२१ खोकना शुद्ध तोरीको तेल पाइने ठाउँका रूपमा परिचित छ । केही वर्ष अघिसम्म खोकनावासीको मुख्य पेसा भनेकै तेल व्यवसाय थियो । हाल खोकनावासी कृषिमा आबद्ध भए पनि तेल व्यवसाय सञ्चालन गर्ने कम मात्रामा छन् । खोकनाको चार टोलमा चार परम्परागत तोरी पेल्ने काठको मिललाई वि.सं. २०७२ को भूकम्पले क्षति पुऱ्याएपछि २०७४ देखि ललितपुर महानगरले पुनःनिर्माण कार्य सुरु गरेको ललितपुर–२१ का वडाध्यक्ष रवीन महर्जन बताउँछन् ।

उनले भने, 'खोकना शुद्ध तोरीको तेल पाइने ठाउँको रूपमा परिचित रहेको कारण इतिहास बचाउनलाई र यहाँका बासिन्दालाई व्यवसायमा जोड्नलाई मिल तयार गर्न लागेका हौं ।' खोकनावासीलाई व्यवसायमा जोड्न र खोकना ऐतिहासिक गाउँ रहेका कारण आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न परम्परागत मिल सञ्चालनमा ल्याउन लागेको वडाध्यक्ष महर्जनको भनाइ छ ।

उनका अनुसार ऐतिहासिक रूपमा चार टोलमा सञ्चालित चार मिलका लागि भवन निर्माण कार्य करिब सकिएको र अब यो वर्षभित्र सञ्चालनमा आउने छ । हाल खोकनाका स्थानीयले आधुनिक मेसिनबाट चल्ने तोरी मिल प्रयोग गरेर व्यवसाय सञ्चालन गरे पनि परम्परागत रूपमा चलिएको काठको मिल एउटा मात्र छ ।

'ग्याबु ज्यासा' तेल मिल स्थानीय कान्छा महर्जनले सम्झौताअनुसार सञ्चालन गर्दै आएका छन् । अन्य हचोबु टोल, धोकासी टोल र थलसी टोलका परम्परागत मिल २०७२ सालको भूकम्पपछि सञ्चालनमा आउन सकिरहेका छैनन् । ती परम्परागत मिललाई सञ्चालनमा ल्याउन महानगरले पहल गरिरहेको छ ।

ललितपुरको खोकना कृषि पेसा र संस्कृतिमा अब्बल भएका कारण यहाँको परम्परालाई बचाउनुपर्ने खोकनाका स्थानीय ६१ वर्षका हरिराम डुंगोल बताउँछन् । 'आजभन्दा ३० वर्ष अगाडि खोकनामा 'अर्गानिक' उत्पादन हुन्थ्यो, स्थानीयवासी खेतीपाती, पशुपालन र तेल व्यवसायमा आबद्ध थिए, अहिले परम्परागत पेसा बिस्तारै हराउँदै गरएको छ,' उनले भने ।

त्यसैगरी आफूहरू तोरीको तेल बेच्न काठमाडौं उपत्यकाका विभिन्न ठाउँलगायत धादिङ र नुवाकोटसम्म पुगेको स्थानीय ८१ वर्षका पुनलाल महर्जन बताउँछन् । उनी विगत सम्झँदै भन्छन्, 'अहिले त फोनको भरमा घरमै तोरी आउँछ, तेल लिनका लागि पनि घरमै ग्राहक आउँछन्, त्यो समयमा तेल बोकेर तोरी साट्न नुवाकोट, रसुवालगायतका जिल्लासम्म पुग्नुपर्थ्यो ।'

खोकनावासीको मुख्य पेसा तेल व्यवसाय रहेको इतिहास भए पनि त्यो इतिहास विस्तारै मेटिन थालेको खोकनाका स्थानीय ७० वर्षीय रामलाल महर्जन बताउँछन् । उनी भन्छन्, 'अहिले परम्परागत काठको मिल छैनन्, सबै आधुनिक मिल छन्, धेरैले परम्परागत तेल व्यवसाय पनि छाडिसके, वास्तवमा परम्परालाई बचाउनुपर्ने हो ।' *रासस*

# अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन आजदेखि

**ललितपुर (प्रस)–** आजदेखि ललितपुरमा अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सुरु हुँदै छ । नेवार पत्रकारको राष्ट्रिय संगठन नेवाः पत्रकार राष्ट्रिय दबूले दुईदिने अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन आयोजना गर्न लागेको हो ।

दबूका सम्मेलनका संयोजक सुरेन्द्रभक्त श्रेष्ठले नेपालमा मातृभाषा पत्रकारिता सुरु भएको १०० वर्ष पुगेको अवसरमा मातृभाषा पत्रकारिता शताब्दी वर्ष मनाउन सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिए । सम्मेलन आज र भोलि चल्ने उनले बताए । 'नेपालका विभिन्न भाषाभाषी सञ्चारकर्मीका साथै भारत, बंगलादेश, पाकिस्तान, जापान, श्रीलंकालगायत देशका सञ्चारकर्मीको सहभागिता रहने छ । सम्मेलनमा भर्चुअल माध्यमबाटसमेत विभिन्न देशका सहभागीले भाग लिनुहुने छ,' उनले भने ।

सार्क जर्नलिस्ट फोरमको सहयोगमा हुने सम्मेलनको उद्घाटन आज नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेलमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गर्ने छिन् । सम्मेलनमा विभिन्न विषयमा केन्द्रित रहेर समूहगत छलफल हुने कार्यक्रम रहेको दबूका सम्मेलनका संयोजक श्रेष्ठले जानकारी दिए । एक सय वर्षअघि नेपालमा पहिलोपटक मातृभाषामा पत्रकार धर्मादित्य धर्माचार्यले नेपालभाषाको पत्रिका 'बुद्ध धर्म व नेपाल भाषा' सम्पादन गरी प्रकाशन गरेका थिए ।

'पत्रकार धर्मादित्य धर्माचार्यको १२२औं जन्मजयन्ती, नवौं मातृभाषा पत्रकारिता दिवस तथा नेपाल भाषामा पत्रिका प्रकाशित भएको १०० वर्ष पुगेको उपलक्ष्यमा सम्मेलन हुन लागेको हो, वर्षभरि विभिन्न कार्यक्रम आयोजना गर्ने तयारी छ,' नेवाः पत्रकार दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले भने । सार्क जर्नालिस्ट फोरमले विभिन्न देशका प्रतिनिधि तथा पत्रकारहरूलाई संयोजन र सहभागी गराउन सहयोग गरेको फोरमका अध्यक्ष राजु लामाले बताए । उनका अनुसार नेपाल आदिवासी जनजाति पत्रकार महासंघले देशभित्रका विभिन्न मातृभाषी पत्रकारहरूको सहभागिताका लागि संयोजन सहयोग गरिरहेको छ ।

## एकडारा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
एकडारा महोत्तरी
मधेश, प्रदेश

### सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०२/१९

यस कार्यालयवाट चालु आ.व. ०८०/८१ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत कार्यक्रमहरु तपसिलमा उल्लेखित मालसामान आपूर्ति सम्बन्धि कार्यहरु ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त आपूर्तिकर्ताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. सम्बन्धित कागजातहरु संलग्न भएको सिलवन्दी दरभाउ पत्र फाराम भरी एकडारा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, एकडारा महोत्तरीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म सिलबन्दी दरभाउ पत्र यस कार्यालय समय भित्र प्रभु बैंक एकडारा, शाखामा रहेको खाता नं. १३९०१०३९९४७००५१, कार्यालय कोड नं. ८०२१८५०१३००, राजश्व शीर्षक नं.१४२२९ मा जम्मा गरेको भौचर सिलवन्दी दरभाउ पत्रको लागि तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।
२. सिलबन्दी दरभाउ पत्र खरीद गर्दा आ.व.०८०/०८१ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७९/०८० को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. खरीद गरिएका सिलबन्दी दरभाउ पत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी दरभाउ पत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको एकडारा गाउँपालिको कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
५. सिलबन्दी दरभाउ पत्रको प्रत्येक आइटमको भ्याट वाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
६. सामानको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ । सिलवन्दी दरभाउ पत्रदाताले स्पेशीफिकेशन र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।
७. सिलबन्दी दरभाउ पत्रसाथ जमानत वापतको तल उल्लेखित रकम एकडारा गाउँपालिकाको प्रभु बैंक, एकडारा शाखामा रहेको ग-३ एकडारा गा.पा. स्थानीय तह धरौटी खाता १३९०१०३९९४७०००४१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलवन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (Bid Bond) संलग्न हुनुपर्नेछ । सिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुनेछ ।
८. कुनै पनि सिलवन्दी दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र सिलबन्दी दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन् ।
९. सिलवन्दी दरभाउ पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
१०. रीत नपुगी वा म्याद नाघी आएका सिलवन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।
११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई सिलवन्दी दरभाउ पत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१३. सिलवन्दी दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय मा कार्यालय समय भित्र सम्पर्क राखी बुभन सकिनेछ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम रु. (भ्याट बाहेक) | धरौटी रकम (रु.) | सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| 1 | ERM/RM/Health/SQ11/080-081 | Procurement of Medicine for Health Sectors | 14,99,205.00 | 37500.00 | 1000.00 |
| 2 | ERM/RM/EDU/SQ12/080-081 | Procurement of Sanitary Pad | 1546495.58 | 39000.00 | 1000.00 |
| 3 | ERM/RM/Ag./SQ13/080-081 | Procurement of Chaffcutter & Sprayer Tanki | 1276900.00 | 32000.00 | 1000.00 |

प्रमुख प्रशासकीय अधिकृत


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GAUSHALA FOR TRADING AND CONTRACTING AND HOSPITALITY AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ LT. No: 300552 चलानी नं.: ६०२१५५१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 1 | 1500 | ५४,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 1700 | ६२,१६५ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 1 | 1200 | ४३,८८० | | | | | | | |
| 4 | Executive Sales | 1 | 0 | 2500 | ९१,४१५ | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,४१५ | | | | | | | |
| 6 | General Clean Worker | 3 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 7 | General Supervisior | 1 | 1 | 2500 | ९१,४१५ | | | | | | | |
| 8 | Heavy Vechicle Driver | 2 | 0 | 2000 | ७३,१३५ | | | | | | | |
| 9 | Labour | 3 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 10 | Manager Variety | 1 | 0 | 5700 | २०८,४३० | | | | | | | |
| 11 | Packing Worker | 1 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 12 | Salesman | 0 | 1 | 1500 | ५४,८५० | | | | | | | |
| 13 | Supervisior | 2 | 0 | 2500 | ९१,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN HILL OVERSEAS PVT. LTD.
Greenhill
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661
Email:greenhilloverseas5@gmail.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIREMOUNT TEXTILES LTD.

पूर्व स्वीकृति मिति २०८१/०२/१७ LT. No. 305538 चलानी नं. ६०२२०२४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 30 | 20 | 16500 | ४७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः २०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com
License No. : 832/066/67



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-NASEEM FOOD FOUNDATION

पूर्व स्वीकृति मिति २०८१/०२/१४ LT. No. 305432 चलानी नं. ६०२२०१९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 1 | 0 | 1800 | ६३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २६ र २७ गते (8 & 9 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAJHAT AL MOZEN CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०८१/०१/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ LT. No. 303739 चलानी नं. ६०२१८५६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ LT. No. 297273 चलानी नं. ६०२१२२७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,८०५ | | | | | | | |

कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.

पुर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ LT. No. 297775 चलानी नं. ६०२१२७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NAS MANPOWER COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ LT. No. 303614 चलानी नं. ६०२१८३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



# पेचिलो बन्दै वातावरणीय न्यायका मुद्दा

हिजो राजनीतिकि विषयवस्तुमा सडक आन्दोलन देख्न पाइन्थ्यो । आज वातावरणको पक्षमासमेत सडकदेखि सदनसम्म आवाज उठाउन थालिएको छ । हिजो विकास विकासमात्रै भन्ने समाजलाई आज वातावरण संरक्षणविनाको विकासले विनास निम्त्याउँछ भन्ने चेतनाको विकास भएको छ । हिजोका पुस्ता अन्य अधिकारका लागि अदालत धाइरहँदा आजका पुस्ता वातावरणीय न्याय माग्दै अदालत धाउन थालेका छन् ।

जलवायु परिवर्तनको असरका कारण पर्वतीय क्षेत्रमा पारेको असरको विषयमा उत्तिकै चर्चा हुन थालेका छन् । जलवायुको संकटबाट कसरी हाम्रा हिमाल बचाउने ? भन्ने चिन्ता विगतका दिनमा सीमित मानिसमा हुने गर्थ्यो । आज भने राजनीतिकस्तरबाट नै चासोको विषय बन्नुले जलवायु न्यायमा बुलन्द आवाज बन्न थालेको छ ।

■ प्रगति ढकाल

पहिलापहिला जलवायु तथा वातावरणीय मुद्दाहरूमा खासै ठूलो बहस र पैरवी हुँदैनथ्यो । दिगो विकासको अवधारणसँगै वातावरणीय मुद्दा पनि प्रथामिकतामा पर्दै जान थाल्यो । पहिलो र दोस्रो पुस्ताले गाँस, बास, कपास, शिक्षा शान्तिपूर्वक बाँच्न पाउनु, सांस्कृतिक तथा राजनीतिक अधिकारलाई अधिकारको रूपमा लिने गर्थे भने तेस्रो पुस्तासम्म आइपुग्दा दिगो विकास तथा वातावरणीय अधिकार पनि थप भए । पछिल्लो समय अझै वातावरणीय न्यायका कुरा ज्वलन्त बन्दै गइरहेका छन् । नेपालमा लोकतन्त्र ल्याउनका लागि ऐतिहासिक जनआन्दोलन २०६२/६३ भयो । यही जनआन्दोलनले बोकेको भावना अनुरूप नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आएसँगै राजामा निहीत रहेको शक्तिलाई हटाई गणतन्त्रात्मक शासन व्यवस्थाका लागि मार्गप्रशस्त गर्ने काम भयो ।

संविधानसभाले २०६५ जेठ १५ गते २४७ वर्षदेखिको राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरी नेपालमा गणतन्त्र स्थापना गर्‍यो ।नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भएसँगै अझै बढी वातावरणीय मुद्दामा आवाज बुलन्द बन्दै गए । हिजो वातावरणीय न्यायका विषयवस्तु वन तथा वातावरण मन्त्रालय, वातावरणविज्ञको विषयवस्तु बनाइएकामा आज सबैको साझा चिन्ता र चासोको विषयवस्तु बन्दै गइरहेको छ । संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा राखेको छ । यस्तै संविधानको धारा ४६ मा न्यायिक उपचारको हकको व्यवस्था गरिएको छ । पछिल्लो समय विश्वका अधिकांश मुलुकले वातावरणीय हकलाई मौलिक हकको रूपमा राख्न थालेका छन् । वातावरण ऐन २०७६, वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज ऐन २०२९ मा पनि वातावरण, वन, जैविक विविधता संरक्षणसम्बन्धी कानुनी व्यवस्था रहेको छ ।

हिजो राजनीतिकि विषयवस्तुमा सडक आन्दोलन देख्न पाइन्थ्यो । आज वातावरणको पक्षमासमेत सडकदेखि सदनसम्म आवाज उठाउन थालिएको छ । हिजो विकास विकासमात्रै भन्ने समाजलाई आज वातावरण संरक्षणविनाको विकासले विनास निम्त्याउँछ भन्ने चेतनाको विकास भएको छ । हिजोका पुस्ता अन्य अधिकारका लागि अदालत धाइरहँदा आजका पुस्ता वातावरणीय न्याय माग्दै अदालत धाउन थालेका छन् ।

वातावरणीय संरक्षणको पक्षमा तथा वातावरणीय न्यायको पक्षमा अदालतले विभिन्न खालखण्डमा गरेको फैसलाले पनि उत्तिकै चर्चा पाउन सफल भएका थिए । दुई वर्षअघि बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी सरकारका निर्णय बदर गर्ने सर्वोच्च अदालतको फैसलाले पनि निकै चर्चा पायो । विमानस्थल निर्माणको कार्य अघि बढाउँदा वातावरणीय विनास हुने भन्दै सरोकारवालाको चर्को विरोध बढेको थियो । उनीहरूले वातावरणीय न्याय खोज्दै सर्वोच्च अदालतको ढोका ढकढक्याए ।

सरोकारवालाको आवाजको प्रतिनिधित्व गर्दै निजगढमा विमानस्थल बनाउने सरकारको निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा र अधिवक्ता रञ्जुहजुर पाँडे क्षेत्रीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । फलस्वरूप अदालतले रिटमा सुनुवाइ गर्दै २०७९ जेठ १२ गते सर्वोच्चको बृहत् पूर्ण इजलासले सरकारका निर्णय खारेज गर्ने फैसला गरेको थियो । न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत र मनोजकुमार शर्माको बृहत् पूर्ण इजलासले सरकारको निर्णय बदर गरेको हो ।

यसैगरी, अर्को वातावरणीय मुद्दा पनि चर्चित बन्यो । वातावरणमा गम्भीर क्षति पुर्‍याइरहेको निष्कर्षसहित २०७२ सालमा गोदावरी मार्बलखानी उत्खननको नवीकरण थप नगर्न भन्दै सर्वोच्च अदालतले दिएको आदेशले पनि चर्चा पाउन सफल भयो । खानी उत्खननको अवधि सरकारले २०६८ सालमा १० वर्षका लागि नवीकरण गर्ने निर्णय गरेको थियो । त्यही निर्णयविरुद्ध जनहित संरक्षण मञ्च (प्रोपब्लिक) ले सर्वोच्चमा रिट दायर गरेको थियो । काठमाडौं उपत्यकामा प्लास्टिकको झोला प्रतिबन्ध सम्बन्धमा सर्वोच्च अदालतले गरको फैसला पनि चर्चाकै विषय बन्न पुग्यो । प्लास्टिक उत्पादक संघले प्लास्टिकको झोला प्रतिबन्ध गरेर प्लास्टिकजन्य उद्योग धरासायीमा पारिएको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाइ सर्वोच्च अदालतमा निवेदन दर्ता गराएको थियो ।

सो निवेदन २०७४ भदौ ११ गते पूर्वप्रधानन्यायाधीश गोपाल पराजुली र वर्तमान न्यायाधीश सपना प्रधान मल्लको संयुक्त इजलासको आदेशले खारेज गरिदियो । कारण थियो प्लास्टिकको झोलाले वातावरण प्रदूषण गराएको र मानवीय स्वास्थ्यमा असर गर्न सक्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ) (५) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाभित्र प्लास्टिकको झोलाको प्रयोग, उत्पादन तथा बिक्री वितरणलाई व्यवस्थित र नियमित गर्न निश्चित मापदण्डबाहेकको प्लास्टिकको झोला प्रयोग उत्पादन, बिक्री वितरणलाई प्रतिबन्ध लगाउने गरी गरेको २०७० वैशाख ५ को काठमाडौं महानगरपालिकाको निर्णय कानुनबमोजिम नै देखिएको भन्दै निवेदन खारेज भएको थियो ।

### जलवायु न्यायमा बुलन्द बन्दै आवाज

जलवायु परिवर्तनको असरका कारण पर्वतीय क्षेत्रमा पारेको असरको विषयमा उत्तिकै चर्चा हुन थालेका छन् । जलवायुको संकटबाट कसरी हाम्रा हिमाल बचाउने ? भन्ने चिन्ता विगतका दिनमा सीमित मानिसमा हुने गर्थ्यो । आज भने राजनीतिकस्तरबाट नै चासोको विषय बन्नुले जलवायु न्यायमा बुलन्द आवाज बन्न थालेको छ ।

वि.सं. २०६६ मंसिर १९ गते सगरमाथाको आधार शिविर कालापत्थरमा बसेको मन्त्रिपरिषद्को बैठक गरेर विश्वका विभिन्न मुलुकले जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर र ती असरको न्यूनीकरणका लागि विश्व समुदायको ध्यान खिच्न फरक शैली अपनाइरहेका थिए । यस बैठकले १० बुँदे घोषणापत्र जारी गरेको थियो । राजनीतिकस्तरबाट पनि अव जलवायुको असर न्यूनीकरणका लागि पहल गरिनुपर्छ भन्ने सन्देशसमेत यसले दिएको छ ।

वि.सं. २०६६ मंसिर २२ देखि पुस ३ सम्म डेनमार्कको राजधानी कोपेनहेगनमा भएको १५औं विश्व जलवायु सम्मेलनमा विश्वको ध्यानाकर्षण गर्नकै लागि कालापत्थरमा मन्त्रिपरिषद्को बैठक बसेको थियो यसबेलादेखि नै हरेक कोपमा नेपालले जलवायु परिवर्तनको असरका कारण हाम्रा हिमालको हिउँ पग्लिरहेको छ, हिमाललाई जलवायुको असरबाट बचाउनुपर्‍यो भनेर अन्तर्राष्ट्रिय सभा सम्मेलनमासमेत नेपालले बुलन्द आवाज उठाइरहेको छ । नेपालले हिमालको मुद्दालाई प्रथामिकता दिएर मुख्य अजेण्डास्वरूप कोपमा लिएर जाने गरेको थियो । तर ती अजेण्डा सम्बोधन हुँदैनथ्यो । नेपालले हार नखाई पटक-पटक यी अजेण्डामा आवाज उठाउन भने छाडेन ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, कोप-२६ मा नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने लक्ष्यसहित सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनको लक्ष्य लिएको छ । सन् २०२१ नोभेम्बर १ देखि २ तारिखसम्म भएको कोप-२६ का अवसरमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने वाचा गरेका थिए । गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म युएईको दुबईमा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २८औं सम्मेलनमा पनि प्रधानमन्त्री पुष्पकमल दाहालले यस मुद्दालाई प्रमुखताका साथ उठाए । 'म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु,' प्रधानमन्त्री दाहालले सम्बोधनको सुरुमै भनेका थिए, 'तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।'

गत कात्तिक दोस्रो साता संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेर्रेस नेपाल भ्रमणमा आएका थिए । भ्रमणको क्रममा उनले जलवायु परिवर्तनले पारेको प्रभावको विषयमा बुलन्द रूपमा आवाज उठाएका थिए । हिमालको फेदबाट जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका प्रभावलाई प्रत्यक्ष नियाले । २८औं विश्व जलवायु सम्मेलन दुबईमा 'बर्ल्ड क्याइमेट एक्सन समिट' को उद्घाटन सत्रमा बोल्दै उनले पटक-पटक नेपालको विषयमा आवाज उठाए । प्रधानमन्त्री दाहालदेखि महासचिव गुटेर्रेससम्मले आवाज बुलन्द उठाएर पनि होला पर्वतीय क्षेत्रमा जलवायुले पारेको असरले विश्व समुदायको ध्यान खिच्न सहयोग पुग्यो । पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप-२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्त्वपूर्ण र ऐतिहासिक निर्णय भयो । यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ ।

हिमालको अजेण्डाले पाएको प्रथामिकतासँगै चर्चा पनि पायो । फलस्वरूप पर्वतीय क्षेत्रका मुद्दामा नेपालले नेतृत्व लिन सफल भएको छ । यही जेठ ९ र १० गते नेपालले 'हिमाल, मानव र जलवायु परिवर्तन: विशेषज्ञको अन्तर्राष्ट्रिय संवाद' आयोजना गरेको थियो । विश्वका २३ देशका विज्ञहरूसहित एकैथलोमा बसेर नेपालको पर्वतीय क्षेत्रमा जलवायुले पारेको समस्या र निराकरणको उपाय खोज्ने प्रयास भयो । पर्वतीय क्षेत्रका जलवायु परिवर्तनको असर न्यूनीकरणमा प्रधानमन्त्री दाहाल, परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीदेखि, जलवायुविद्, नागरिक समाज, निजी क्षेत्र एकै स्थानमा भेला भएर निष्कर्ष खोजिरहँदा अब भने जलवायु न्यायमा सबै वर्गका मानिसको साझा मुद्दा बन्न थालेको छ । हिजो विकासका मुद्दालाई प्रथामिकता दिएर राजनीतिक दलले चुनावी अजेण्डा बनाइरहेको सन्दर्भमा आज भने चुनावी अजेण्डामा वातावरणीय मुद्दाले प्रथामिकता पाउन थालेका छन् । *रासस*

# मौलिकता बिर्सेर बनाइयो नमूना गन्धर्वघर

■ रामबहादुर थापा

कुनै समय घुमाउने (गोलो घर) नै लोपोन्मुख गन्धर्व जातिको परम्परागत बासथलो थियो । ढुंगा, माटो र काठले ती घर बन्थे । छानो खरको हुन्थ्यो । पहाडे वास्तु झल्काउने खालका झ्याल-ढोका हुन्थे । तर हिजोआज त्यस्ता मौलिक रूपमा घर देख्नै मुस्किल हुन थालेको छ । कतिपय ठाउँमा त घुमाउने घर संरक्षणको अभियान नै सुरु गरिएको छ । गन्धर्व जातिमात्र नभएर अन्य समुदायमा पनि छिटपुट रूपमा घुमाउने घर देख्न पाइन्छ ।

पोखरा महानगरपालिका-१६ बाटुलेचौर पनि पुस्तौंदेखि गन्धर्व जातिको थातथलो रहेको ठाउँ हो । नेपाली लोक संगीतका प्रसिद्ध गायक एवं सर्जक झलकमान गन्धर्वदखि सारंगीवादनमा ख्याती आर्जेका धनबहादुर गन्धर्वसम्मको जन्मथलो पनि बाटुलेचौर हो । त्यही बाटुलचौर नजिकै रहेको धार्मिक तथा ऐतिहासिक महत्त्वको महेन्द्र गुफा परिसरमा पर्यटकीय आकर्षण थप्न बनाइएको 'नमूना गन्धर्वघर' भने मौलिकता बिर्सेर बनाइएको छ ।

उक्त गुफाको सौन्दर्यीकरण योजनाअन्तर्गत गन्धर्व संग्रहालय स्थापनाका लागि निर्मित उक्त घर कंक्रिटबाट बनेको छ । घरको संरचना गोलो आकारको भए पनि निर्माण सामग्री र अन्य संरचना बनाउँदा परम्परागत शैली अपनाएको देखिन्न । घरको पिढीँछेउ सिमेन्टका पिल्लर ठडाइएको छ । काठको ठाउँमा फलाम प्रयोग गरिएको छ । खर या ढुंगाले छाउनुपर्ने छाना जस्ताले छाइएको छ । महेन्द्र गुफा-चमेरे गुफा पर्यटकीय विकास समितिका सदस्यसचिव शिशिर पौडेलले गन्धर्व संग्रहालयको उद्देश्यअनुरूप घरको बाहिरी संरचनाले मेल नखाएको बताए । 'गन्धर्व जातिको परम्परागत घरको नमूना देखाउनेगरी घुमाउने घर बनाइएको हो, तर कंक्रिट प्रयोग गर्दा मौलिकता देखिएन,' उनले भने, 'सुरुमा लागत अनुमान गर्दा नै कमजोरी भएकाले पछि परिवर्तन गर्न सकिएन ।' लागत अनुमान फेरेर ढुंगा, माटो र काठबाट मौलिक शैलीको गन्धर्वघर बनाउने विषयमा कुरा उठे पनि त्यसका लागि सहरी विकास तथा भवन कार्यालय तयार नभएको सदस्यसचिव पौडेलले बताए । उनले गन्धर्व जातिको लाकप्रिय बाध्ययन्त्र सारंगीसहित मौलिक कला, संस्कृति, रहनसहन आदि झल्काउने सामग्री संग्रहालयमा राखिने बताए । 'बाटुलेचौर गन्धर्व जातिको प्रमुख बसोबास रहेको ठाउँ हो, अति कम जनसंख्या भएको लोपोन्मुख गन्धर्व जातिको पहिचान झल्काउनेगरी संग्रहालयलाई व्यवस्थित गर्छौं,' उनले भने ।



महेन्द्र गुफा सौन्दर्यीकरण योजनाका लागि संरचना बनाउने जिम्मा पाएको लुना बिल्डर्सका सुपरभाइजर सुदीप खत्रीले ८५ प्रतिशत काम पूरा भएको बताए । 'भौतिक संरचना निर्माणको काम करिब सकिएको छ, अब रङरोगन, विद्युतीकरण, साजसज्जालगायतको काम बाँकी छ,' उनले भने, 'यही महिनाभित्र काम सक्ने लक्ष्य छ ।'

गण्डकी प्रदेश सरकारको आठ करोड ५८ लाख रूपैयाँको बजेटमा महेन्द्र गुफामा पर्यटकीय संरचना निर्माणको काम भइरहेको हो । समितिका अनुसार संग्रहालय, गन्धर्वघर, खुला डबली, ढुंगे धारा, शिव लिंग, सभाकक्ष, बगैंचा, विश्रामस्थल, पानीको फोहोरालगायतका संरचना निर्माण गरिएको छ । महेन्द्र गुफा परिसरमा निर्मित ती संरचनाले त्यस क्षेत्रको पर्यटकीय आकर्षण थप बढ्ने समितिका सदस्यसचिव पौडेलले बताए । 'महेन्द्र गुफा आफैंमा प्राचीन र प्राकृतिक महत्त्वको पर्यटकीय गन्तव्य हो, यहाँ नयाँ बनेका पूर्वाधारले पर्यटक थप वृद्धि हुने अपेक्षा लिइएको छ,' उनले भने ।

पोखरा-१६ बाटुलेचौरमा पर्ने महेन्द्र गुफा र चमेरे गुफालाई जोडेर गुरुयोजनामार्फत पर्यटकीय विकासको काम भइरहेको उनले बताए । वि.सं. २०७९ भदौमा ठेक्का सम्झौता भई निर्माण कम्पनीले महेन्द्र गुफामा संरचना निर्माणको काम सुरु गरेको थियो । प्रदेश सरकारको सहरी विकास तथा भवन कार्यालयका निमित्त प्रमुख रवीन्द्र तिवारीले केआइसिंह पुलदेखि महेन्द्र गुफासम्म अपांगतामैत्री पैदलमार्ग निर्माणको काम पनि भइरहेको जानकारी दिए । वि.सं. २०१६ मा तत्कालीन राजा महेन्द्र बाटुलेचौर आउँदा त्यहाँका स्थानीयले राजालाई गुफाको अवलोकन गराउन लगेपछि पछि गुफाको नाम महेन्द्र गुफा रहन गएको थियो । १२५ मिटर लम्बाइको महेन्द्र गुफामा देखिने विभिन्न देवीदेउताका आकृतिले धार्मिक पर्यटकलाई आकर्षित गर्ने गरेको छ । पछिल्लो समय महेन्द्र गुफामा भारतीयसहित विदेशी पर्यटकको संख्या पनि उल्लेख्य रूपमा बढेको समितिका सदस्यसचिव पौडेलले बताए । *रासस*



**ढाका बुनन सिक्दै महिला** | म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा गाउँपालिकाले सञ्चालन गरेको निःशुल्क ढाका बुनाइ तालिममा ढाकाको कपडा बुन्दै महिला ।

*तस्विरः कमल खत्री/रासस*

# लेक उक्लिएका भेडाका बथानले ढाकिएको रिग क्षेत्र

■ **डम्मर बुढा मगर**

**ढोरपाटन (बागलुङ)–** अहिले बागलुङको पर्यटकीय क्षेत्र रिग ताल वरपर पर्यटकको भन्दा गोठाला र भेडाबाख्राको चहलपहल बाक्लो छ । बर्खा लाग्न सुरु भएसँगै बुकी उक्लिएका भेडीगोठ अबको केही साता रिग ताल क्षेत्रमै रहने छन् । सिरसिर चल्ने सिरेठो, भर्खर उम्रिएका भुइँ घाँसमा एकोहोरो पाराले चरिरहेका भेडाबाख्रा । ताल छेउको ठूलो चौर हजारौं संख्याका सेताम्य भेडाबाख्राले ढाकिँदा यहाँको सुन्दरता बयान गर्न नसकिने देखिन्छ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गभन्दा केही मास्थिरपट्टी रहेको तालको सुन्दरतालाई भेडाको बथानले अझ बढी आकर्षित बनाइदिएको छ । यही जेठ पहिलो सातादेखि नै बुकी उक्लिन थालेका भेडाका बथान अबको केही दिनमा रिग क्षेत्र छोडी सक्छन् ।

बागलुङ, रोल्पा र पूर्वी रुकुमका भेडापालक किसान गोठ छाउनका लाग चाहिने त्रिपाल, बर्खाभरि खाने खर्च र ओड्ने दोछ्याउने बिस्तारसहित यहाँ आइपुगेका हुन् । रिग ताल क्षेत्रमा बागलुङको निसीखोला गाउँपालिका-६ का किसानले काठ, ढुंगा र जस्तापाताले गोठ बनाएका छन् । बुकी नउक्लिदासम्म उनीहरू यही बस्ने गर्छ । यतिबेला थोरै मात्रै भेडापालक लेकमा पुगेका छन् । एक साताभित्र बेँसीमा रहेका सबै भेडाबाख्रा लेकमा पुग्छन् । तीन हजार २०० मिटरको उचाइमा रहेको रिग ताल क्षेत्रबाट चार हजार मिटरको उचाइसम्म पुग्ने तयारीमा यहाँ आइपुगेका गोठाला छन् । अहिले रिग ताल वरपर करिब पाँच हजारको हाराहारी भेडाबाख्रा छन् ।

यी भेडाबाख्रा त्यसभन्दा माथिल्लो क्षेत्र बुकीमा पुगे भने बेँसीमा रहेका अन्य गोठालाले आफ्ना पशुचौपाया रिग तालमा लैजान सुरु गर्छन् । एकै परिवारले ५०० देखि तीन हजारसम्म भेडाबाख्रा पाल्ने हुँदा एकैपटक रिग क्षेत्रमा व्यवस्थापन गर्न सकिँदैन । त्यसले गर्दा पालैपालो लेक उक्लने गर्छन् । लेक चढ्ने याम सुरु भएको हुँदा अघिअघि भेडाबाख्रा पछिपछि गोठाला खर्चपर्च बोकेर हिँडिरहेका देखिन्छन् । जाडो र हिमपात छल्नका लागि गत मंसिरमा बेँसी झरेका भेडीगोठ जेठ पहिलो सातदेखि नै लेकतिर उक्लिन थालेका हुन् । तल्लो क्षेत्रमा गर्मी बढेसँगै भेडीगोठ लेक सार्न थालेको निसीखोला गाउँपालिका-६ का भेडापालक लालसिंह घर्ती मगरले बताए ।

छ महिना बेँसीमा बस्दा घाँस सकिएपछि लेक चढ्न थालेको उनको भनाइ छ । यो सिजनमा बेँसीमा भन्दा बुकीमा भेडाबाख्राका लागि पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठ महिनादेखि नै लेक चढ्न सुरु गरेको घर्ती मगर बताउँछन् । अहिले लेक चढ्न थालेका भेडीगोठाले दसैं तिहारको बेलामात्रै बेँसी झर्ने उनको भनाइ छ । बेलाबेलामा चर्ख लिन झर्ने गोठाला चार महिना लेकमै बिताउने घर्ती मगरले बताए । लेकमा बस्दा निकै दुःख हुने भन्दै यो बाउबाजेको पालादेखि यो पेसा गर्दै आएको हुँदा आफू पनि यसैमा लागेको उनको भनाइ छ ।

घर्ती मगरले भने, ‘लेकबेँसी गर्ने चलन त यो हाम्रो पुर्खादेखि हुँदै आएको हो, एउटै घरमा एक हजारभन्दा धेरै वस्तुभाउ पाल्ने हुँदा बेँसीमा मात्रै राख्न सकिँदैन, यतिका महिनासम्म गाउँ घरमै राखेर पालियो, अब लेकतिर घाँस पलाउन थाले त्यही भएर माथि उक्लिन थालेका हौं, दुई/चार दिनपछि यहाँ (रिग ताल) भन्दा माथि खानीखोला तिर लैजान्छौं, उतै चार महिना बित्छ, अब घर झर्ने त दसैं मनाउन हो, कहिलेकाहीँ खर्च सकिएपछि र बिरामी भएपछि घर जान्छौं ।’

रोल्पाको तेलखोलाका सन्तोष घर्ती पनि ७०० भेडाबाख्रा लिएर रिग क्षेत्रमा आएका छन् । रोल्पाको माथिल्लो क्षेत्र हुँदा रिग क्षेत्रमा आएका उनी मंसिरमा मात्रै बेँसी झर्छन् । करिब तीन महिनाका लागि पुग्ने आटो, पिठो र नुन लिएर आएको सुनाउँदै तीजको बेला एकपटक गाउँ झर्ने उनले सुनाए । यस वर्ष २०० भेडा बिक्रीका लागि तयार गरिरहेको भन्दै दसैं बेला बजार जाने र फर्किएपछि गाउँ झर्ने उनको भनाइ छ । यस वर्ष लामो समय खडेरी पर्दा पहिलोको जस्तो लेकमा घाँस नपलाएको उनी बताउँछन् । बर्खाको घाँसले भेडाबाख्रा सप्रिने र दसैंमा राम्रो मूल्य पाइने उनले जानकारी दिए ।

‘मैले भेडा पाल्न थालेको १८ वर्ष भयो, हाम्रो पालामा धेरै मान्छेहरू भेडा पाल्न रुचाउँथे, नयाँ युवा पुस्ताले यसतर्फ खासै चासो नदिँदा पहिलेको जस्तो चहलपहल छैन, परम्परागत भेडीगोठ राख्ने प्रचलन लोप हुन्छ कि भन्ने डर छ, पहिले बुकीमा लाखको हाराहारीमा भेडाबाख्रा हुन्थे, अहिले केही छैन,’ उनले भने, ‘यस वर्ष २०/२२ लाख आम्दानी हुने गरी भेडाबाख्रा तयारी छन्, ४०० भेडा ब्याउने छन्, पहिलेको जस्तो आम्दानी हुँदैन पहिले वार्षिक ४० लाख आम्दानी हुन्थ्यो, अबको एक हप्तामा सबैभन्दा माथिल्लो क्षेत्रमा पुग्छौं ।’ *रासस*

# सुम्लिखामा यलम्बर उद्यान



**खोटाङ (प्रस)–** खोटेहाङ गाउँपालिका-२ वाप्लुखास्थित सुम्लिखामा किराँती प्रथम राजा यलम्बरको सालिकसहितको पार्क (उद्यान) स्थापना गरिएको छ । खोटेहाङ गाउँपालिका र वडा कार्यालय वाप्लुखाको क्रमागत योजनाअन्तर्गत सात वर्ष लगाएर सुम्लिखामा ७० लाख रूपैयाँ लागतमा पार्क स्थापना गरिएको हो ।

वाप्लुखाका स्थानीय जफतजङ खिम्दुङ राईले निःशुल्क उपलब्ध गराएको दुई रोपनी जग्गामा स्थापना गरिएको पार्कमा फाइवरबाट निर्माण गरिएको यलम्बरको पूर्णकदको सालिक राखिएको छ । पार्कभित्र नौ फिट अग्लो यलम्बरको पूर्णकदको सालिक, खानेपानीको धारा, प्रतीक्षालय, फलैँचा, सामुदायिक भवनलगायतका संरचना निर्माण गरिएका छन् ।

उद्यान स्थापनाले किराँत समुदायको संस्कृति संरक्षण हुनुका साथै आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको स्थानीय शिक्षक नयन्द्र खिम्दुङ राईले बताए । ‘सुम्लिखामा बान्तावा राई जातिको सेउली लगाउने घर छ । हामीहरू साकेला नाचिसकेपछि त्यो घरमा सेउली माछौं अर्थात् थन्क्याउँछौं,’ उनले भने, ‘यही ऐतिहासिकस्थलको विकास गर्न वडा तथा गाउँपालिकाको लगानीमा पार्क स्थापना गरिएको हो । यसले गाउँपालिकाको आन्तरिक पर्यटन विकासमासमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।’

किराँत राई बान्तावा समुदायको ऐतिहासिक स्थल सुम्लिखामा स्थापना गरिएको यलम्बर पार्क बिहीबार गाउँपालिका प्रमुख उदिमबहादुर राईले औपचारिकरूपमा उद्घाटन गरेका थिए । वान्तावा राई समुदायले पुज्दै आएको ‘सावा सकेला थान’ नजिकै निर्माण गरिएको यलम्बर पार्क उद्घाटन कार्यक्रमको अवसर पारेर साकेला सिलीसमेत प्रदर्शनी गरिएको स्थानीय इन्द्रहाङ किराँतीले जानकारी दिए ।

वाप्लुखाका वडाध्यक्ष पारस राईको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गाउँपालिका प्रमुख राई, वडा नं ९ लिच्किराम्चेका वडाध्यक्ष इन्द्रबहादुर राई, किराँती पुर्खालगायतको उपस्थिति रहेको थियो । सुम्लिखामा हरेक वर्षको उभौली र उधौलीमा साकेला सिलीको सेउली मार्ने चलन रहेको छ । जिल्लाका १० स्थानीय तहमा पछिल्लो समय धार्मिक, ऐतिहासिक एवं पुरातात्त्विकस्थलहरू संरक्षण तथा प्रवर्द्धनका काम तीव्रगतिमा भइरहेका छन् ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/१९**

श्री जलन्धारा सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०८०/८१ को खण्ड नं १ मा सुधार कटान र विभिन्न खण्डमा मा गरिएको ढलापडा संकलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको नयाँगाउँ स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य (असना, सिसौ, जामुन, धौटी, खयर लगायतको) जम्मा गोलिया थान २३२६ को परिमाण ५५०८.३६ क्यु.फिट र साल बाहेक अन्य प्रजाति (सिसौ समेत मिश्रित) को दाउरा जम्मा ११.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जलन्धारा सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-८ र ९, नयाँगाउ बाँके**

## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**कालु तामाङको बुहारी ल्हाक्पा दोर्जी तामाङको पत्नी कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक तामाखानी गा.वि.स. वडा न. २ भई परिवर्तित सोलुदुधकुण्ड नगरपालिका वडा नं. ३ बस्ने ना.प्र. नं. ४८|१०६०|११५४ जारी मिति २०४४|११|०६ जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुको वर्ष ८२ को पासाङ ल्हामु तामाङनीले तपसिलमा उल्लेखित जग्गाको श्रेस्ता कायम नरहेको मेरो आफ्नै नाममा नापी नक्सा दर्ता कायम भई मेरै हकभोग चलनमा रहेको हालसम्म कोही कसैलाई हक हस्तान्तरण समेत नगरेको, सक्कल जग्गाधनी प्रमाण पुर्जा हराएकोले नापी फिल्डबुकको आधारमा श्रेस्ता कायम गरी पाउ भनी द.नं. २३०२ मिति २०८१|०२|१३ को निवेदनबाट माग दावी गरेकाले माग बमोजिम निवेदकका नाममा श्रेस्ता कायम गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।**

**तपशील**

| निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण | | | | | | सूचनाको व्यहोरा |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | कैफियत |
| १. | सोलुखुम्बु | तामाखानी | २ | ३७३ र २८४ | २१५० र ४३५ | सक्कल जग्गाधनी प्रमाण पुर्जा श्रेस्ता कायम नभई हराको । |

इति संवत् २०८१ साल जेष्ठ महिना १८ गते रोज ०६ शुभम्......।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORTUNE PARK HOTEL LLC

पूर्व स्वीकृति मिति : २०८२१/०२/१८ | LT. No. 305447 | चलानी नं. ६०२२०३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RECEPTIONIST(MALE/FEMALE) | 2 | 3 | 1500 | ५४,५२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waitress | 0 | 5 | 1500 | ५४,५२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Montage Overseas (P) Ltd.**
श्रम इजाजत नं. 798/065/066
Kalanki - 14, Kathmandu, Nepal
P.O.Box 2349, Kathmandu, Nepal Tel: +977-1-4287119/4288555
E-mail:overseasnp@yahoo.com, Website: www.montageoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Ghaseq Arabian Company for Operation and Maintenance

पूर्व स्वीकृति मिति: २०८१/०२/१८ | LT. No. 305635 | चलानी नं. ६०२२०३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 15 | 0 | 1000 | ३५,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 25 | 0 | 1000 | ३५,५९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Raj Group Of Company Pvt.Ltd.**
श्रम ईजाजत न १२४५/०७३/०७४
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## युएई र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHIB ALJAMAL TECHNICAL SERVICES EST

पूर्व स्वीकृति मिति : २०८०/०२/१८ | LT. No. 305602 | चलानी नं : ६०२२०३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONING MECHANIC | 4 | 0 | 1500 | ५४,५२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labor | 5 | 0 | 1000 | ३६,३४७ | | | | | | | |
| 3 | electrician | 6 | 0 | 1300 | ४७,२५१ | | | | | | | |
| 4 | Light Vehicle Driver | 2 | 0 | 1500 | ५४,५२१ | | | | | | | |
| 5 | Plasterer | 5 | 0 | 1300 | ४७,२५१ | | | | | | | |
| 6 | PLUMBER | 10 | 0 | 1200 | ४३,६१७ | | | | | | | |
| 7 | Riggers | 3 | 0 | 1000 | ३६,३४७ | | | | | | | |
| 8 | STEEL FIXER | 3 | 0 | 1200 | ४३,६१७ | | | | | | | |

कम्पनी : SHIB ALJAMAL TECHNICAL SERVICES EST

पूर्व स्वीकृति मिति : २०८०/०२/१८ | LT. No. 305638 | चलानी नं : ६०२२०३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 2 | 0 | 4000 | १४६,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ADMINISTRATIVE SUPERVISOR | 1 | 0 | 3000 | १०९,९९० | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 0 | 1200 | ४३,९९६ | | | | | | | |
| 4 | Electric Tech. | 2 | 0 | 1200 | ४३,९९६ | | | | | | | |
| 5 | GENERAL CLEAN WORKER | 2 | 0 | 1200 | ४३,९९६ | | | | | | | |
| 6 | LABOUR | 8 | 0 | 1000 | ३६,६६३ | | | | | | | |
| 7 | Marketing Representative | 1 | 0 | 3000 | १०९,९९० | | | | | | | |
| 8 | Salesman | 2 | 0 | 2500 | ९१,६५८ | | | | | | | |
| 9 | SUPERVISIOR | 1 | 0 | 3000 | १०९,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWAJ AND KAHLA LADIES SALON CO SPC

पूर्व स्वीकृति मिति २०८०/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ | LT No :298944 | चलानी नं. ६०२१३८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/manicure/pedicure/salon Worker/nail Te | 0 | 10 | 130 | ५६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# प्रभाव दैनिक

शनिबार १९, जेठ २०८१ (Saturday, June 1, 2024)


रूपशाला

## 'आउट लः २१९'को फस्लटुकमा एङ्ग्री सुशिल



स्याडो पिक्चर्स र रेट्रो फिल्मस्को प्रस्तुतिमा तयार भएको फिल्म 'आउट लः दभा २१९'को फस्टलुक सार्वजनिक भएको छ। सार्वजनिक फस्टलुकमा फिल्मका मुख्य नायक सुशिल श्रेष्ठ एक्सन एङ्ग्री अवतारमा छन्। सार्वजनिक पोस्टरमा नायक श्रेष्ठ मेसिनगन बोकेर उभिएका छन्। अमित अग्रहरिको निर्माणमा तयार भएको फिल्मको फस्टलुकसँगै प्रदर्शन मिति पनि सार्वजनिक गरिएको हो। फिल्म आगामी असोजको ३ गतेदेखि विश्वव्यापी रूपमा प्रदर्शनमा आउनेछ। फिल्ममा विक्की महर्जनको लेखन तथा निर्देशन छ।

# किम्फमा महिला चलचित्रकर्मीबारे छलफल




■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय नेपाली चलचित्र विदेशमा समेत एकसाथ प्रदर्शन हुन थालेका छन्। प्रविधिले दिएको सुविधाका कारण नेपालबाटै विश्वका जुनसुकै स्थानमा चलचित्र प्रदर्शन गर्न सकिन्छ। यसले नेपाली चलचित्रको व्यापार बढ्दै छ भने कथ्य शैलीसँगै निर्माणमा समेत परिवर्तन आएको छ। यद्दपि महिला चलचित्रकर्मीको संख्या भने कमै छ। विशेष गरी चलचित्र निर्देशक, निर्मातासँगै प्राविधिकको सफ्या कम रहेको यस क्षेत्रमा क्रियाशील महिला चलचित्रकर्मीहरूले नै बताउने गरेका छन्। महिलाले कमै मात्रामा नेतृत्वदायी भूमिका पाएका पनि उहाँहरूको भनाइ छ। यस्तै विषयमा काठमाडौंमा जारी २१औं काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) मा छलफल भयो।

'वुमन बिहाइन्ड द क्यामेरा' शीर्षकमा निर्देशक आकांक्षा कार्की, विदुषी गिरी, सरिता शाह र डिना मुफ्टीले यस विषयमा छलफल गरे। निर्देशक तथा अभिनेत्री शाहले आफूले महिलाको पात्र वा विषयमा अनुभव थप्ने बताए। उनले भने, 'म जे अनुभूत गर्छु त्यो भोगाइ र अनुभूति कोही अरुले गर्दा धेरै कुरा छुट्न सक्छ। त्यही कुरा मैले बढी प्रष्टसँग भनेर न्याय गर्न सक्छुजस्तो लाग्छ। मैले थप्ने भनेको त्यही छुटेका कुराहरू हो।'

अभिनेत्री तथा निर्देशक कार्कीले महिलाले बढी संवेदनशील र स्वभावका साथ कथाहरू भन्ने गरेको बताइन्। 'स-साना कुरालाई प्राथमिकता दिने स्वभावले चलचित्रलाई फरक बनाउन सक्छ। व्यक्तिपिच्छे नै सोच र प्रस्तुतिकरण फरक हुन्छ तर महिलाले स-साना भावनालाई प्रस्तुत गरिरहेका हुन्छन्', अभिनेत्री कार्कीले भनिन्। छलफलमा सहभागी निर्देशक गिरीले अहिले महिलाको उपस्थिति आत्मनिर्भर चलचित्र (इन्डिपेन्डेड फिल्म) मा रहेको बताइन्। ठूला चलचित्रमा उपस्थिति विस्तारै बढिरहेको प्रसङ्ग उनले जोडिन्।

अर्का वक्ता मुफ्टीले पर्दापछाडि काम गर्ने महिला चलचित्रकर्मीको संख्या बढाउनुपर्ने आवश्यकता औंल्याइन्। उनले भनिन्, 'प्राविधिकरूपमा दक्ष महिलाको उपस्थिति बढाउन अझै बढी काम गर्नुपर्छ। अहिले आकर्षण अभिनयमा देखिएको छ। बलियोरूपमा आफूलाई प्रस्तुत गर्न सके विस्तारै त्यो पूरा हुन्छ तर अहिले पनि महिलालाई नेतृत्वदायी भूमिकामा विश्वास गरेको कमै पाइन्छ।'

निर्देशक गिरीले पनि महिला चलचित्रकर्मीले विश्वास बढाउन आफ्नो दक्षता बढाउनुपर्नेमा जोड दिइन्। 'महिलाको नेतृत्व क्षमता र सक्षमतामा शंका गर्नु नै सबैभन्दा ठूलो समस्या हो। महिला नेतृत्व पनि उत्तिकै शक्तिशाली हुन्छ भन्ने कुरा स्वीकार्न जरुरी छ', निर्देशक गिरीले भनिन्। 'परिवर्तनको प्रतिध्वनि' नारा दिइएको महोत्सवमा २२ देशका ६० भन्दा बढी चलचित्र सहभागी छन्। गत जेठ १८ मा सुरु भएको महोत्सव प्रदर्शनी मार्गस्थित राष्ट्रिय सभागृह र नेपाल पर्यटन बोर्डमा जेठ २० गतेसम्म चल्नेछ।

# 'ज्वाइँ साब'को छायांकन शुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** बसन्त निरौलाको निर्देशनमा बन्न लागेको फिल्म 'ज्वाइँ साब'को छायांकन सुरु गरिएको छ। शुक्रबार बिहान मकवानपुर जिल्लाको पर्यटकीय गन्तव्य चित्लाङस्थित स्वच्छन्द भैरव मन्दिरमा स्क्रिप्ट, क्यामेरा र क्ल्याप पूजा गर्दै फिल्मको छायांकन थालिएको हो।

चित्लाङमा २० दिनको छायांकन गरिने भएको छ। त्यसपछि बाँकी छायांकनका लागि निर्माण टिम सौराहा र इलाम जाने तयारीमा छ। फिल्ममा हास्य अभिनेता जीतु नेपाल र अभिनेत्री नीति शाहको जोडी बाँधिएको छ। अभिनयको हिसाबले नीतिको यो दोस्रो फिल्म हो। फिल्ममा रमेश वुढाथोकी, प्रकाश घिमिरे, वुद्दि तामाङ, हिमेश पन्त, निमा पाण्डे लगायतको पनि अभिनय रहनेछ।

फिल्ममा जीतु ज्वाइँको भूमिकामा देखिनेछन्। अर्जुन पोखरेल र महेश ताम्राकारको संगीत रहेको फिल्मको छायाँकार श्याम तामाङ हुन्। राज कुमार पण्डित प्रस्तुतकर्ता रहेको 'ज्वाइँ साब'मा मिनादेवी पाण्डे, सौगात पण्डित र पदमलाल तामाङ निर्मातामा छन्। विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा सविन अधिकारीको कथा, शंकर धितालको पटकथा तथा संवाद लेखन छ।

फिल्मलाई समसामयिक कथामा निर्माण गर्न लागिएको निर्देशक निरौलाले जानकारी दिए। फिल्म यसै वर्षको तिहारमा रिलिज हुने बताइएको छ।

# 'फर्की फर्की' र 'पुजार सार्की' दोस्रो सातामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** बुद्ध जयन्तीको अवसर पारेर १० गते बिहीबारदेखि एकसाथ प्रदर्शनमा आएका दुई फिल्म 'फर्की फर्की' र 'पुजार सार्की' दोस्रो सातामा प्रवेश गर्न सफल भएको छ। पहिलो साता सुखद व्यवसाय गर्दै फिल्म बिहीबारबाट दोस्रो सातामा प्रवेश गरेको हो।

फिल्मको कलेक्सन कति रह्यो भनेर दुवै फिल्मका वितरकले सार्वजनिक गरेका छैनन्। 'फर्की फर्की' वितरक गोविन्द शाहीले फिल्मले राम्रो व्यवसाय गरेको बताए पनि कति गऱ्यो भनेर अहिले भन्न चाहेनन्।

यता 'पूजार सार्की' का वितरक रोहित कट्टेल पनि फिल्मको बक्स अफिस केही दिनमा मात्र सार्वजनिक गर्ने बताउँछन्।

दुवै फिल्मले दोस्रो साता पनि राम्रो शो पाएको छ। 'फर्की फर्की' अनमोल केसी, जसिता गुरुङ, रवि काफ्ले, समृद्धि अर्याललगायत कलाकारको मुख्य भूमिका रहेको फिल्म हो।

सुयोग गुरूङको लेखन एवं निर्देशन रहेको फिल्म रोहित अधिकारी र ओमप्रकाश अग्रवालले निर्माण गरेका हुन्। 'टाइम लुप' कथामा बनेको फिल्ममा लभस्टोरी पनि छ।

'पूजार सार्की' आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बू अभिनित फिल्म हो। दिनेश राउत निर्देशित फिल्म विकास सुवेदीले लेखेका हुन् भने सुवास भुसालले निर्माण गरेका हुन्। फिल्म जातीय विभेदविरुद्ध समाजका तीन पात्रले गर्ने सङ्घर्ष कथामा बनेको छ।

रंगशाला

# प्रिन्सको ओलम्पिक तयारी श्रीलंकामा

■ प्रभाव संवाददाता



**काठमाडौंख –** पेरिस ओलम्पिकमा छनोट भएका प्रिन्स दाहालले श्रीलंकामा तयारी गर्ने भएका छन्। ओलम्पिक तयारीका लागि प्रिन्स आइतबार श्रीलंकाको कोलोम्बो प्रस्थान गर्ने भएका छन्।

प्रिन्स कोलोम्बोमा राइजिङ स्टार्स ब्याडमिन्टन एकेडेमीमा २० दिन प्रशिक्षणमा रहने छन्। उनको प्रशिक्षण जुन २ तारिखदेखि सुरु हुनेछ। उनलाई इन्डोनेसियाको राष्ट्रिय टिम समेत सम्हालिसकेका इन्डोनेसियाकै टोनी वाहयुदीले प्रशिक्षण दिने छन्। प्रिन्स पेरिस ओलम्पिकका लागि वाइल्ड कार्ड मार्फत छनोट भइसकेकाछन्।प्रिन्ससंगैब्याडमिन्टनका मुख्य प्रशिक्षक सुदिप योञ्जन पनि श्रीलंका जाने छन्।

उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरेका थिए।

सदस्य-सचिव घिसिङले नेपाल ब्याडमिन्टन संघलाई प्रिन्सको ओलम्पिक यात्रासम्मको तयारीका लागि 'ट्रेनिङ प्लान' पेश गर्न निर्देशन दिदै नेपाली प्रशिक्षकको पनि स्तरबृद्धि होस् भन्ने उद्देश्यले प्रिन्ससंगै प्रशिक्षकलाई पनि श्रीलंका पठाएको जानकारी दिए।

'ओलम्पिक यात्रासम्म प्रिन्सका लागि के गर्नु पर्छ। सम्पूर्ण विवरण समेटेर 'ट्रेनिङ प्लान' परिषद्मा पेश गर्नु होला। परिषद्ले सक्दो सहयोग गर्ने छ।' सदस्य-सचिव घिसिङले भने 'प्रिन्ससंगै प्रशिक्षकलाई पनि पठाउनुको उद्देश्य प्रशिक्षकले पनि सिक्ने अवसर प्राप्त गरुन् भन्ने हो। त्यहाँ सिकेको सिपले नेपाली खेलाडीलाई लै फाइदा पुग्ने हो।'

सेभेन्स राष्ट्रिय रग्बी

# आर्मी र बागमती प्रदेश सेमिफाइनलमा

■ प्रभाव संवाददाता




**कास्की–** पोखरामा शुक्रबार सुरु भएको सेभेन्स राष्ट्रिय रग्बी प्रतियोगितामा आर्मी र बागमती प्रदेश सेमिफाइनल प्रवेश गरेका छन्। समूह चरणको खेलमा आर्मी अपराजित रहँदै सेमिफाइनल प्रवेश गरेको हो भने बागमती समूह उप विजेताको रूपमा अन्तिम ४ मा प्रवेश गरेको हो।

समूह बीको खेलमा आर्मीले लुम्बिनीलाई २४-०, गण्डकीलाई ५-० र बागमतीलाई ३६-५ ले हरायो। उपविजेता बनेको बागमतीले गण्डकीलाई १२-५ र लुम्बिनीलाई २०-० ले हरायो। समूह विजेता आर्मीले ९ अंक जोड्यो। बागमती ६ अंक सहित उपविजेता बन्यो। गण्डकीले लुम्बिनीलाई हराएर तेस्रो बन्यो भने लुम्बिनी अंक विहिन हुँदै प्रतियोगिताबाट बाहिरिएको छ।

समूह एबाट सेमिफाइनल पुग्ने टोलीको टुङ्गो शनिबारमात्र लाग्नेछ। समूह एका खेलमा शुक्रबार एपीएफ दुई खेलमा जित निकाल्दै ६ अंक जोडेर शीर्ष स्थानमा छ। कोशी र कर्णालीले समान ४ अंक जोडेर सेमिफाइनल प्रवेशको नजिक पुगेका छन्।

प्रतियोगितामा सात प्रदेश सहित विभागबाट आर्मी र एपीएफ गरी १० टिम सहभागी छन्। प्रतियोगिताको विजेताले ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुने टिमले २० हजार रूपैयाँ प्राप्त गर्ने आयोजक समितिका अध्यक्ष दीपक गोदारले जानकारी दिए। पोखरा महानगरपालिका खेलकुद विकास समिति र गण्डकी प्रदेश रग्बी संघको आयोजनामा सञ्चालन भएको प्रतियोगिताको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले शुक्रबार एक कार्यक्रमका बिच उद्घाटन गरेका थिए। उनले रग्बी सेभेन्स प्रतियोगितालाई आगामी वर्षमा समेत निरन्तरता दिने र खेलकुदको माध्यमबाट खेल पर्यटन प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

उद्घाटन कार्यक्रममा राखेपका बोर्ड सदस्य राजेश गुरुङ, रग्बी संघका सचिव विजय मोक्तान, गण्डकी प्रदेश रग्बी संघका अध्यक्ष कुमार थिङ, मुख्य प्रशिक्षक मुर्रे पअल स्टर्ट, पोखरा महानगरका खेलकुद विकास समितिका अध्यक्ष दिपक गोदार, सदस्य सचिव सुबास खड्का लगायतको उपस्थिति रहेको थियो।

# उपाधिका लागि रेडहर्स र त्रिवेणी भिड्ने

■ प्रभाव संवाददाता

**इलाम–** एन्फा इलाम जिल्ला लिगको उपाधिको लागि रेडहर्स फुटबल क्लब र त्रिवेणी फुटबल क्लब भिड्ने भएका छन्।

इलामको ठुलो टुँडिखेलमा भएको सेमिफाइनल खेलमा रेडहर्सले मिलियन फ्रेन्डर्स क्लब ९एमएफसी० पान्दाम र त्रिवेणीले फ्रेन्डसिप युथ क्लब गोदकलाई हराउँदै उपाधि होडमा प्रवेश गरेका हुन्।



पहिलो सेमिफाइनल खेलमा रेडहर्सले एमएफसीलाई टाइब्रेकरमा हराएको हो। निर्धारित समयमा दुवै टिमले १-१ गोलको बराबरी खेलेपछि निर्णयका लागि टाइब्रेकर रोजिएको थियो। टाइब्रेकरमा रेडहर्स ४-२ गोल अन्तरले बिजयी बन्यो। रेडहर्सलाई फाइनल पुर्याउन गोलरक्षक निशम दनुवारले निर्णायक भूमिका खेले।

उनले एमएफसीको २ टाइब्रेकर प्रहार बचाएका थिए। खेलको सुरुआती अग्रता रेडहर्सले लिएको थियो। दोस्रो हाफको १४ औ मिनेटमा प्रिन्स शेर्पाले हेडरमार्फत गोल गर्दै अग्रता दिलाए। इन्जुरी समयमा शुसान्त गुरुङले बराबरी गरे।

दोस्रो सेमिफाइनल खेलमा त्रिवेणीले फ्रेन्डसिप माथि ३-० गोल अन्तरको जित दर्ता गरेको छ। पहिलो हाफ गोलरहित बराबरी सकिएको खेलमा दोश्रो हाफको ११औं मिनेटमा अबिरल राईले त्रिवेणीलाई अग्रता दिलाए। अन्तिम मिनेट र अतिरिक्त समयमा मुकेश मगरले गोल गरेपछि त्रिवेणीले रेडहर्ससँग उपाधि भेट पक्का गरेको हो। फाइनल खेल शनिबार हुनेछ।

# नेपाल एमेच्योरको उपाधि मिश्रालाई

**काठमाडौं (प्रस)–** भारतका शात मिश्राले नेपालका सदभाव आचार्यलाई ४ स्ट्रोकले हराउँदै १० औं नेपाल एमेच्योर ओपनको उपाधि जितेका छन्।

गोकर्ण गल्फ क्लबमा शुक्रबार सम्पन्न खेलको तेश्रो तथा अन्तिम दिन शातले ३-ओभर ७५ खेल्दै समग्रमा ८-अन्डर २ सय ८ को स्कोर खडा गरे।

नेपालका सदभावले शुक्रबार ३-अन्डर ६९ खेले र समग्रमा ४-अन्डर २ सय १२ को स्कोरमा दोस्रो स्थान हासिल गरे।

डिफेन्डिङ च्याम्पियन भारतका सुमित कोटवालले ५-अन्डर ६७ सहित समग्रमा ३-अन्डर २ सय १३ सहित तेस्रो स्थानमा समेटिए।

अन्तिम १८ होलको सुरूवात गर्दा शात नेपालका राहुल विश्वकर्मा भन्दा ६ स्ट्रोकले अगाडि थिए। राहुलले चार होलको समाप्तीमा अग्रता तीन स्ट्रोकमा झारिसकेका थिए। तर यसपछि राहुलले सातौं र नवौं होलमा डबल बोगीको सामना गर्दा आठौं होलमा पनि एक सट खेर फालेपछि उपाधि जित्ने सम्भावना समाप्त भएको थियो।

शातले भने फ्रन्ट नाइन १-ओभर ३७ मा सकाए। तेस्रो र सातौं होलमा एक-एक सट बचाउँदा दोस्रो, चौथो र आठौं होलमा बोगी प्रहार गरे। ब्याक नाइन २-ओभर ३८ मा सकाए। १२औं होलको बर्डी विरूद्ध १३औं, १४औं र १७औं होलमा बोगी खेपे।

सदभावले शुक्रबार फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए। तेस्रो र पाँचौ होलमा बर्डी प्रहार गरे भने सातौं होलमा इगलको सफलता प्राप्त गरे। आठौं होलमा डबल बोगीको सामना गरे। यसपछि ब्याक नाइनमा चार वटा बर्डी प्रहार गरे। ११औं, १३औं, १४औं र १८औं होलमा एक-एक सट बचाए। तर १२औं, १६औं र १७औं होलमा बोगी प्रहार गर्दा ब्याक नाइन १-अन्डर ३५ मा सकाए।

# शान्ति सैनिक राईलाई राष्ट्रसंघको मरणोपरान्त सम्मान

**न्युयोर्क-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले राष्ट्रसंघीय शान्ति सेनामा खटिएका नेपाली सुरक्षाकर्मी भुपजीत राईलाई मरणोपरान्त डयाग हृयामरसोल्ड पदक प्रदान गरेका छन् ।

अन्तर्राष्ट्रिय शान्तिसैन्य दिवसका अवसरमा शुक्रबार संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा आयोजित कार्यक्रममा महासचिव गुटेरेसले राईलाई प्रदान गरिएको उक्त पदक संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापालाई हस्तान्तरण गरे ।

त्यस अवसरमा कर्तव्य निर्वाहका क्रममा दिवंगत भएका राईको साहस, प्रतिबद्धता र बलिदानको चर्चा गर्दै महासचिवले उनी शान्ति स्थापनामा खटिएका सबैका निम्ति प्रेरणाका रूपमा रहिरहने विश्वास व्यक्त गरे । राईको गत अक्टोबर १३ मा कंगोमा निधन भएको हो ।

सन् १९४८ मा इजरायल-अरब युद्धविराम सम्झौता कार्यान्वयनको पर्यवेक्षण गर्न मध्यपूर्वमा सैन्य पर्यवेक्षक परिचालन गर्ने निर्णय भएको दिन ३० मेलाई अन्तर्राष्ट्रिय शान्तिसैन्य दिवसका रूपमा मनाइने गरेको छ ।

नेपाल राष्ट्रसंघीय शान्ति सेनामा सर्वाधिक सैनिक परिचालन गर्ने मुलुकमध्येको एक हो । छ हजारभन्दा बढी नेपाली शान्ति सेनामा परिचालन भएका छन् । राष्ट्रसंघले अबेई, मध्य अफ्रिकी गणतन्त्र कंगो, साइप्रस, प्रजातान्त्रिक गणतन्त्र कंगो, इराक, कोसोभो, लेबनान, लिबियामा नेपाली शान्ति सेनालाई खटाउँदै आएको छ । पूर्वी सोमालिया, दक्षिण सुडान, पश्चिमी सहारा र यमनमा पनि नेपाली शान्ति सेना तैनाथ छन् । नेपाल सरकारले नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका सुरक्षाकर्मीलाई शान्ति सेनाका रूपमा खटाउँदै आएको छ । *रासस*



## इरानका पूर्वसभामुख लारिजानीद्वारा राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारी दर्ता

**तेहरान-** इरानी संसद्का पूर्वसभामुख अली लारिजानीले इब्राहिम रायसीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि आगामी महिना हुने राष्ट्रपतीय निर्वाचनका लागि शुक्रबार आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । यसअघि, सन् २०२५ मा चुनाव हुनेगरी तय भएको निर्वाचन मे १९ मा रायसीको निधन भएपछि सरेको थियो । गृह मन्त्रालयले बिहीबारदेखि जुन २८ मा हुने प्रारम्भिक मतदानका लागि उम्मेदवारहरूको दर्ता सुरु गरेको छ र राष्ट्रपति पदका आकांक्षीहरूले सोमबारसम्म आवेदन दिन सक्ने छन् ।

इरानको विदेश नीतिबारे तुलनात्मक रूपमा नरम मानिएका ६६ वर्षीय लारिजानीले शुक्रबार बिहान आफ्नो निवेदन दिएको सरकारी टेलिभिजनले प्रसारण गरेको फुटेजमा उल्लेख छ । उनले आफू निर्वाचित भएमा अमेरिकी प्रतिबन्धको समस्या समाधान गर्ने र देशको अर्थतन्त्रमा सुधार ल्याउने आफ्नो 'प्राथमिकता' रहेको बताएका छन् । यद्यपि, इरानमा राष्ट्रपति पदका सबै आकांक्षीजस्तै उनको उम्मेदवारीलाई पनि १२ सदस्यीय न्यायविद्हरूको निकाय 'गार्जियन काउन्सिल'ले अनुमोदन गर्नुपर्छ ।

सन् २०२१ को चुनावअघि परिषद्ले अयोग्य घोषित गरेका केही सुधारवादी र उदारवादी उम्मेदवारमध्ये लारिजानी पनि एक हुन् । उक्त निर्वाचनमा ४८.८ प्रतिशतमात्र मतदान भएको थियो । लारिजानीले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोरमा काम गरिसकेका छन् र तीन दशकभन्दा बढी समयदेखि इरानका विभिन्न महत्त्वपूर्ण पदमा रहेर काम गरिसकेका छन् । उनले सन् २००० को दशकको सुरुमा पश्चिमा मुलुकसँग इरानको आणविक वार्ताको निरीक्षण गरेका थिए तर इरानका प्रसिद्ध पूर्वराष्ट्रपति महमुद अहमदीनेजादसँग 'गम्भीर मतभेद' भएको भन्दै दुई वर्षपछि राजीनामा दिएका थिए ।

तेहरान र विश्व शक्तिराष्ट्रहरूबीच सन् २०१५ मा भएको आणविक सम्झौतालाई समर्थन गरेका तीनपटक संसद्का सभामुख रहेका लारिजानीले दर्शनशास्त्रमा विद्यावारिधि गरेका छन् र उनी इस्लामिक गणतन्त्रको लिपिकीय नेतृत्वसँग सम्बन्ध भएका प्रभावशाली परिवारमा जन्मिएका हुन् । गत बिहीबार अर्का पूर्वआणविक वार्ताकार कट्टरपन्थी सइद जलिलीले राष्ट्रपतिपदको उम्मेदवारका रूपमा नाम दर्ता गराएका थिए । *रासस/एएफपी*

## अमेरिकी पूर्वराष्ट्रपति ट्रम्प दोषी ठहर

**न्युयोर्क-** अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई न्युयोर्कको एक अदालतले सबै फौजदारी मुद्दासम्बन्धी अभियोगमा दोषी ठहर गरेको छ । यससँगै उनी अपराधमा दोषी ठहरिएका पहिलो पूर्वअमेरिकी राष्ट्रपति बनेका छन् ।

अदालतले यौनकर्मी स्टोर्मी डेनियल्सलाई चुप गराउनका लागि गरिएको भुक्तानी लुकाउनका लागि व्यवसायको रेकर्ड मिथ्या बनाएको ३४ वटा अभियोगमा उनलाई दोषी ठहर गरेको हो । सिद्धान्ततः उनलाई प्रत्येक अभियोगका लागि चार वर्षको जेल सजाय हुन सक्छ तर निगरानीको अवधिलाई गणना गर्ने सम्भावना बढी हुन्छ ।

विनाजमानत रिहा भएका ७७ वर्षीय रिपब्लिकन नेतालाई दोषी ठहर गरेसँगै उनलाई एक अपराधीका रूपमा हेरिने छ । राष्ट्रपतिहरूलाई अक्सर विश्वको सबैभन्दा शक्तिशाली व्यक्तिको रूपमा वर्णन गरिने अमेरिकाका लागि यो पहिलो ऐतिहासिक र आश्चर्यजनक घटना हो । यद्यपि, जेल जाने सम्भावना नै किन नहोस्, ट्रम्पलाई नोभेम्बरमा राष्ट्रपति जो बाइडनलाई सत्ताच्यूत गर्न आफ्नो लडाइँ जारी राख्नबाट रोक लगाइएको छैन ।

ट्रम्पका वकिल टोड ब्लान्चेले आफ्नो टोलीले जतिसक्दो चाँडो अपिल गर्ने तयारी गरिरहेको बताएका छन् भने ट्रम्प आफैंले आदेशप्रति तत्काल प्रतिवाद गरेका छन् । 'म निकै निर्दोष मानिस हुँ,' ट्रम्पले पत्रकारहरूसँग भने, 'वास्तविक फैसला चुनावको दिन मतदाताबाट आउने छ । उनले यो मुद्दालाई 'धाँधलीपूर्ण' र 'अपमान' को संज्ञा दिएका छन् ।

'कोही पनि कानुनभन्दा माथि छैन' भन्ने फैसलाले देखाएको ट्रम्पलाई दोषी ठहर गर्ने अदालतको आदेशपछि बाइडेनको चुनावी अभियानले एक विज्ञप्ति जारी गर्दै बताएको छ । 'ट्रम्पले हाम्रो लोकतन्त्रका लागि जुन खतरा खडा गरेका थिए, त्यो भन्दा ठूलो खतरा कहिल्यै थिएन,' विज्ञप्तिमा भनिएको छ ।

न्यायाधीश जुआन मर्चनले मिल्वौकीमा हुने रिपब्लिकन नेसनल कन्भेन्सनको चार दिनअघि जुलाई ११ का लागि सजाय सुनाउने आदेश दिएका छन् । बाह्र सदस्यीय निर्णायक मण्डलले दुई दिनसम्म ११ घण्टाभन्दा बढी छलफल गरेको थियो र केही मिनेटमै फोरम्यानले सर्वसम्मत निष्कर्ष पढेर सुनाएको थियो ।

मर्चनले 'कठिन र तनावपूर्ण कार्य' पूरा गरेकोमा निर्णायक मण्डललाई धन्यवाद दिए । माफिया वा अन्य हिंसात्मक प्रतिवादीहरूको मामलामा प्रायः देखिने दुर्लभ अभ्यासअन्तर्गत उनीहरूको पहिचानलाई कार्यवाहीको दौडान गोप्य राखिएको थियो ।

ट्रम्पमाथि बाइडेनले जितेको सन् २०२० को चुनावको परिणाम उल्टाउन षडयन्त्र गरेको र ह्वाइट हाउस छोडेपछि गोप्य कागजातहरू जम्मा गरेको आरोप पनि लागेको छ । यद्यपि, राष्ट्रपतिको चुनावभन्दा पहिले यी मुद्दाहरू सुरु हुने सम्भावना छैन । *रासस/एएफपी*

## सिंगापुरमा अमेरिका र चीनका रक्षा प्रमुखबीच भेटवार्ता

**सिंगापुर-** अमेरिका र चीनका रक्षा प्रमुखबीच शुक्रबार सिंगापुरमा दुर्लभ प्रत्यक्ष वार्ता भएको छ । वार्ताले ताइवान र अन्य समसामयिक मुद्दालाई नियन्त्रणबाहिर जानबाट रोक्न मद्दत गर्ने थप सैन्य वार्ताको आशा व्यक्त गरेको छ ।

सांग्रिला डायलगका क्रममा संयुक्त राज्य अमेरिकाका लोयड अस्टिन र चीनका राष्ट्रपति डोङ जुनबीच भएको भेटवार्ता १८ महिनामा दुई देशका रक्षा प्रमुखबीच भएको पहिलो प्रत्यक्ष वार्ता हो । सिंगापुरमा हुने सुरक्षा सम्मेलनपूर्व डोङ र अस्टिनबीच वार्ता भएको अमेरिकी प्रतिनिधिमण्डलका एक सदस्यले सञ्चारकर्मीलाई जानकारी दिए । हालैका वर्षहरूमा अमेरिका र चीनबीचको सम्बन्धको चाप नाप्ने आधार बनेको वार्षिक मञ्चमा विश्वभरका रक्षा प्रमुख र अधिकारी सहभागी हुँदै छन् । ताइवानमा सैन्य अभ्यास गरेको एक सातापछि र राष्ट्रपति लाइ चिङ-तेको शपथ ग्रहण र चीनले युद्ध हुने चेतावनी दिएको एक सातापछि यस वर्षको सुरक्षा सम्मेलन हुन लागेको हो ।

प्रजातान्त्रिक ताइवानको विवादलाई बेइजिङले आफ्नो भूभागको समस्या मान्दछ भने विश्वका प्रमुख दुई आर्थिक प्रतिद्वन्द्वीहरूबीचको विवादको सूचीमा शीर्ष स्थानमा छ । एसिया-प्रशान्त क्षेत्रमा विशेषगरी फिलिपिन्ससँग वासिङ्टनको गहिरो रक्षा सम्बन्ध र ताइवान क्षेत्रको समुद्र र दक्षिण चीन सागरमा युद्धपोत तथा लडाकु विमानको नियमित तैनाथीप्रति पनि बेइजिङ रुष्ट छ ।

चीनले यसलाई दशकौं लामो अमेरिकी प्रयासको एक हिस्साको रूपमा लिएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत महिना बेइजिङ र सांघाईको भ्रमण गरेसँगै अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासन र चीनले आणविक शक्ति सम्पन्न प्रतिद्वन्द्वीहरूबीचको तनाव कम गर्न वार्तालाई बढावा दिइरहेका छन् । सेना-सेनाबीचको वार्ता पुनः सुरु गर्ने विषयमा मुख्य ध्यान केन्द्रित गरिएको छ ।

तत्कालीन अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणको प्रतिक्रियास्वरूप चीनले सन् २०२२ मा संयुक्त राज्य अमेरिकासँग सैन्य सम्पर्क विच्छेद गरेको थियो । सन् २०२३ मा अमेरिकी हवाई क्षेत्रमा खसालिएको कथित चिनियाँ जासुसी बेलुन, ताइवानका तत्कालीन राष्ट्रपति साई इङ-वेन र पेलोसीका उत्तराधिकारी केभिन म्याकार्थीबीच भएको भेटवार्ता र ताइपेईका लागि अमेरिकी सैन्य सहायताजस्ता विषयले वासिङ्टन र बेइजिङबीच तनाव बढाएको थियो ।

गत वर्ष नोभेम्बरमा चिनियाँ नेता सी चिनफिङ र राष्ट्रपति बाइडेनबीच भएको शिखर वार्तापछि दुवै पक्ष उच्चस्तरीय सैन्य वार्ता पुनः सुरु गर्न सहमत भएका थिए । *रासस/एएफपी*

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARWAN ENTERPRISE LTD**

पूर्व स्वीकृति मिति २०८०/११/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ | LT. No. :300915 | चलानी नं. ६०२१५४९० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Grade II | 15 | 0 | 16665 | ४८,११० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Grade II | 35 | 0 | 16665 | ४८,११० | | | | | | | |
| 3 | Steel fixer grade II | 15 | 0 | 16665 | ४८,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GULF LAMAR FOR OPERATIONS & MAINTENANCE**

पूर्व स्वीकृति मिति २०८०/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१८ | LT. No. 295018 | चलानी नं. ६०२१०३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labor | 89 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २६ गते (8th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KOPERASI INTERNATIONAL PVT. LTD.
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9767483111, Email: Koperasi227@gmail.com
Govt. License 1287/074/75

## Division Forest Office

**Mahottari**

### INVITATION FOR SEALED QUOTATION

**(First Date of publication: 2081/02/19)**

1. Division forest office, Mahottari, Jaleshwor invites sealed quotation from Nepalese eligible bidders for the construction of boundary wall in DFO Jaleshwor, Mahottari.
2. Eligible Bidders may obtain further information and inspect the sealed quotations forms and Bidding Documents at Division forest office Mahottari.
3. Sealed quotations Forms may be purchased by eligible Bidders on the submission of written application and upon payment of a non refundable fee of 1000.NRS. Information to deposit the cost of bidding document in Bank:
   Description Rajaswa Account Dharauti Account
   Name of the Bank: **Rastriya Banijya Bank, Jaleshwor, Mahhotari**
   Name of Office: **Division Forest Office, Mahottari**
   Name of Account: **Rajaswa khata** **ko.le.ni.ka, Dharauti Khata**
   Amount: **1000** 38000
   Office Code no.: **3070118012**
   Office Account no.:**100010020001000** **1270100202030000**
   Rajaswa (revenue) Shirshak no. : **14229**
4. Pre-bid meeting shall be held at DivisionForest Office Mahottari at 13 hrs. on 2081/03/02.
5. Sealed bids must be submitted to Division forest office Mahottari by hand on before 12 noon 2081/03/02. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 P.M. on 2081/03/02. At Division Forest Office Mahottari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to minimum 38000 NRS or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Details of the contract is as follows :

| Contract Identification No. | Name of Project | Estimated amount without VAT, NRs | Bid document cost, NRs | Bid security amount, NRs | Work experiance in key activity |
|---|---|---|---|---|---|
| DFO/ MAHOTTARI/ SQ/02-80/81 | Construction of boundary wall in DFO Jaleshwor, Mahottari. | 1681702.06 | 1000 | 38000 | Not Required |

9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. After the completion of evaluation of Technical Bids which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
11. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 in clause 49 ka (Amended).

**Office Chief**

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १३८२०० | प्रति तोला – १३७५५० | प्रति तोला – १९३० |



**ढकमक्क ड्रागन फ्रुट** दाङको घोराही उपमहानगरपालिका १८ स्थित अखबरेमा दिलचन बुढाले गरेको ड्रागन फ्रुट खेतीमा बुधबार फुलेको ड्रागन फ्रुटको फूल। ड्रागनको फूल रातिमा फुल्ने भएर रातकी रानी पनि भन्ने गरिन्छ। बुढाले दुई बिघा क्षेत्रफलको भाडाको जग्गामा पाँच वर्षदेखि व्यावसायिक रूपमा ड्रागन खेती गर्दै आएका छन्। *तस्बिर : कुलदीप न्यौपाने/ रासस*

## ‘आर्थिक सुधार थाल्ने योजना बजेटमा पर्नु सकारात्मक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत सरकारले नयाँ चरणको आर्थिक सुधारका लागि आयोग गठन गर्ने योजना अघि सारेकोप्रति निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघले सकारात्मक रूपमा लिएको छ। आगामी आर्थिक वर्षको बजेटबारे प्रतिक्रिया दिँदै महासंघले निजी क्षेत्रको सुझावका आधारमै सरकारले यो विषय बजेटमा राखेको र निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन हुने जनाएको छ।

‘महासंघले विद्यमान आर्थिक सुधार एवं दीर्घकालीन विकासका लागि नयाँ चरणको आर्थिक सुधार कार्यक्रम लागू गर्न आयोग गठन गर्न माग प्रस्तुत गर्दै यसका लागि निरन्तर पैरवी गरिरहेको थियो। उक्त आयोगमा निजी क्षेत्रको समेत सहभागिता भई नीतिगत सुधार र स्थायित्वका लागि विशेष योजना बन्ने विश्वास महासंघले लिएको छ’, विज्ञप्तिमा भनिएको छ।

यसैगरी, महासंघको प्रवर्द्धनमा साना व्यवसायी समेतको बचत संकलन गरी लगानी कम्पनी स्थापना गर्न भइरहेको पहललाई बजेटले समर्थन गरेको महासंघले जनाएको छ। यसले लगानीको वातारण नबनिरहेका बेला साना लगानीकर्तालाई प्रोत्साहित गर्दै ठूला




परियोजना निर्माण र रुग्ण उद्योग समेतको पुनःउत्थानमा सहयोग पुग्ने महासंघले उल्लेख गरेको छ।

‘निजी क्षेत्रले लगानी दशकको माग गरिरहेको सन्दर्भमा सरकारले कृषिमा लगानी दशक घोषणा गरेको छ। पहाडमा फलफूल खेती, राजमार्ग केन्द्रित व्यवसायलगायत विषय समेटिएका छन्’, महासंघद्वारा जारी विज्ञिप्तिमा उल्लेख छ, ‘तर कृषिमा निजी क्षेत्रको लगानी आकर्षित गर्न बजेटका प्रावधान पर्याप्त नभएको हुँदा थप गृहकार्य आवश्यक छ।’

पर्यटन प्रवर्द्धनमा विवाह तथा सभा समारोहका लागि नेपाललाई विशेष हबका रूपमा विकास गर्नुपर्ने महासंघको माग बजेटमा सम्बोधन भएको छ। यसैगरी, भारतीय सीमा नजिक ‘हिलस्टेसन’ निर्माणका लागि निजी क्षेत्रलाई सहयोग प्रदान गर्न गरिएको माग सम्बोधन भएको छ। यसमा शिक्षा, पर्यटन, स्वास्थ्यलगायत जोडेर सरकारले पहुँचमार्ग, बिजुली र पानीको व्यवस्था गर्नुपर्ने महासंघको सुझाव छ।

स्टार्टअप व्यवसायका लागि कोषको रकम बढाइनु सकारात्मक उल्लेख गर्दै परियोजना धितो कर्जाका विषयमा थप गृहकार्य आवश्यक रहेको महासंघले जनाएको छ। त्यस्तै, सूचना प्रविधि हब निर्माणको पहल सकारात्मक रहेको भए पनि छोटो समयमा हुने नीतिगत परिवर्तनले युवामा निराशा बढ्ने विषय बजेटमा नसमेटिएको महासंघले जनाएको छ।

बजेटका केही विषयमा भने महासंघले आलोचना गरेको छ। ‘उत्पादनमूलक उद्योगको कूल गार्हस्थ उत्पादनमा निरन्तर हिस्सा घटिरहेको सन्दर्भमा बजेटले थप कार्यक्रमसहित मनोबल बढाउने सम्भावनालाई सरकारले ध्यान दिन सकेन। अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा पर्न सक्ने प्रभाव न्यूनीकरणका लागि ठोस कार्यक्रम आउन सकेका छैनन्’, महासंघको विज्ञप्तिमा उल्लेख छ, ‘बजेटको पहिलो प्राथमिकता नै आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन रहनु स्वागतयोग्य कदम हो, तर उक्त प्राथमिकतालाई कार्यान्वयन गर्न बजेटमा थोरै विषय मात्रै समेटिएको हुँदा थप गृहकार्य आवश्यक देखिन्छ।’

बजेटसँग तादात्म्य हुने गरी मौद्रिक नीति ल्याइने बजेटमा उल्लेख छ। तर बजेटमा बैंक वित्तीय संस्थामा रहेको अधिक तरलताको निजी क्षेत्रले उपभोग गर्न सक्ने ठोस कार्यक्रम न्यून रहेको महासंघले जनाएको छ। नीतिगत स्थिरताका लागि महासंघले माग गरेको छ।

‘कुनै एक वर्षको बजेटले भएको व्यवस्था तत्काल परिवर्तन हुने एवं भूतप्रभावी कानुन लागू हुने गरेको छ। पूर्वानुमानयोग्य नीतिहरू नहुँदा विद्यमान लगानी संकटमा पर्ने गरेको छ भने विदेशी लगानी आउन सकेको छैन’, महासंघको विज्ञप्तिमा भनिएको छ, ‘राजनीतिक र नीतिगत स्थायित्व हुन नसक्नु, बारम्बार राजस्वका दर परिवर्तन हुनु, लगानीकर्ताप्रतिको संशकित व्यवहारलगायत कारण अर्थतन्त्रमा ८१ प्रतिशत हिस्सा राख्ने निजी क्षेत्र निरुत्साहित हुने गरेको छ।’

## वित्तीय समावेशीकरण नीति जारी

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल राष्ट्र बैंकले वित्तीय समावेशीकरण नीति, २०८१ जारी गरेको छ। वित्तीय सेवाको विस्तार, प्रगाढता अभिवृद्धिका साथै वित्तीय साक्षरता प्रवर्द्धन र वित्तीय ग्राहक संरक्षणमार्फत वित्तीय समावेशीकरण प्रवर्द्धन गर्नु नीतिको मुख्य उद्देश्य रहेको राष्ट्र बैंकले जनाएको छ।

देशको दूरदराजसम्म बैंक तथा वित्तीय संस्थाको सुविधा पुऱ्याएर वित्तीय सेवाको विविधीकरण गर्ने लक्ष्यका लागि यो नीति ल्याइएको हो। साथै, प्रविधिमैत्री (डिजिटल) वित्तीय सेवाको उपलब्धता, पहुँच र प्रयोगको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नु पनि नीतिको उद्देश्य रहेको जनाइएको छ।

वित्तीय समावेशीकरण नीतिअनुसार अहिले बझाङको साइपाल गाउँपालिकाबाहेक सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगिसकेको छ। बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल ११ हजार पाँच सय ८९ पुगेको छ। गत असार मसान्तसम्ममा डिजिटल वालेट प्रयोगकर्ताको संख्या एक करोड ८९ लाख ४१ हजार सात सय ९३, मोबाइल बैंकिङ ग्राहकको संख्या दुई करोड १३ लाख ६३ हजार नौ सय ८९, इन्टरनेट बैंकिङ ग्राहक संख्या १८ लाख ५६ हजार एक सय ९५ र कनेक्ट आईपिएस प्रयोगकर्ताको संख्या ११ लाख आठ हजार चार ३६ रहेका छन्। सोही अवधिमा एटीएम मेसिनको संख्या चार हजार आठ सय ५५, मोबाइल बैंकिङ प्रयोगकर्ता दुई करोड १३ लाख ६४ हजार, निक्षेप खाता संख्या पाँच करोड ११ लाख ७८ हजार र कर्जा खाता संख्या १८ लाख ४५ हजार रहेका छन्। डेबिट कार्ड लिनेको संख्या एक करोड आठ लाख ५६ हजार तीन सय ७५ र क्रेडिट कार्ड लिनेको संख्या दुई लाख ३८ हजार सात सय ९५ पुगेको छ।

## ‘चोरीका मोबाइल छुट्याउने कानुन चाहियो’

**काठमाडौं (प्रस)–** नेपाल मोबाइल व्यवसायी महासंघले मोबाइल मर्मतका समयमा व्यवसायीहरूले झमेला भोग्नु परिरहेको बताएको छ। बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै नेपाल मोबाइल व्यवसायी महासंघले मोबाइल मर्मतमा देखिंदै आएको कानुनी समस्याको समाधानतर्फ सरकारले चासो देखाउनु पर्ने बताएको हो।

महासंघका केन्द्रीय अध्यक्ष भरत भट्टराईले मोबाइल मर्मतका समयमा व्यवसायीहरूलाई असहज अवस्था रहेको र व्यवसायीहरू अनावश्यक झमेलामा पर्ने गरेको बताए। ‘चोरी भएका, हराएका मोबाइलहरू मर्मतका लागि व्यवसायीहरूसम्म आइपुग्दा सो बारे व्यवसायी जानकार नरहने तर मर्मतपछि प्रहरी प्रसासनसँगको समन्वय र कानुनी व्यवस्थाको अभाव हुँदा व्यवसायीहरू अनावश्यक झमेलामा पर्ने गरेका छन्, सरकारले यो समस्या समाधान गर्न कानुनी रूपमा नै बाटो खोज्नु पर्छ,’ अध्यक्ष भट्टराईले पत्रकार सम्मेलनमा भने।

भट्टराईले भन्सार छलीमार्फत भित्रने (ग्रे मोबाइल फोन)ले बजारको अवस्था बिग्रदो अवस्थामा पुर्याएकोसमेत बताए। जसका कारण सरकारको राजश्वमा घाटा भइ देशको अर्थतन्त्रमा नकरात्मक असर बढ्दो रहेको उनको भनाइ छ। सो कारोबारको अन्त्य गर्नका लागि सरकारले तत्काल आवश्यक नीति बनाउनु पर्ने उनले बताए। संघका महासचिव रमेश घिमिरेले मोबाइल सेटको दोस्रो विक्री (सेकेण्ड ह्यान्ड कारोबार) मा सरकारको नीति प्रष्ट नहुँदासमेत विक्री सहज हुन नसकेको बताए।

‘मोबाइलको सेकेण्ड ह्यान्ड कारोबारमा सरकारको नीति प्रष्ट छैन, नीति नहुँदा विक्री पनि सहज छैन, जसका कारण व्यवसायीहरू मारमा छन्, यसलाई व्यवस्थित बनाउँदा दोस्रो पटकको विक्रीको अवस्था बढ्ने र देशको पैसा देश भित्रै रहने वातावरण बन्ने छ, यो किसिमको कारोवार गर्न वैध व्यवस्था नहुँदा उपभोक्तासमेत मारमा छन्,’ महासचिव घिमिरेले भने।


# चुलाचुली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ईलाम, प्रदेश नं.१, नेपाल

‘बालमैत्री पद्धति र व्यवहार, समृद्ध चुलाचुलीको आधार’

### चुलाचुली गाउँपालिकाबासीहरुमा सादर अनुरोध

चुलाचुली गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबद्ध तबरले कार्यसञ्चालन गर्दै आएको छ।
आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ। आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन्।
बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि चुलाचुली बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान चुलाचुली गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ।

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरुलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं।
- सबै बालबालिकाहरुलाई पोषणयुक्त खानेकुरा खुवाऔं।
- ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं।
- गर्भवती आमाहरुलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकर्मीबाट गराऔं।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा)।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गराऔं।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं।
- आफू र आफ्ना बालबालिकाहरुको सरसफाईमा विशेष ध्यान दिऔं।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरुलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरु आफैंबाट सुरुवात गरौं।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं।
- छोरीछोरालाई पूर्णरुपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र २०७८ साल वैशाखभित्र बालमैत्री स्थानीय शासनयुक्त चुलाचुली गाउँपालिका बनाउँदै सभ्यताको परिचय दिऔं

!! जय बालमैत्री, जय बालबालिका !!



# अग्नीसाईर कृष्णासवरन गाउँपलिका
## गाउँ कार्यपालिकाको कार्यालय
सितापुर, सप्तरी
मधेस प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं। कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ। आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो। तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो। तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं। तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं।
- कर समयमै तिरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- छोराछोरीमा भेदभाव नगरौं। दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं। २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं।


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ